अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान

ABHIYAN WEEKLY साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४२ / २०८३ जेठ ८ गते शुक्रबार / नेपाल सम्वत ११४६ / May. 22, 2026 / मूल्य रु. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## बालेनका कारण भारत असन्तुष्ट

काठमाडौं । प्रधानमन्त्री वालेन्द्र शाह साहको अपरिपक्क कुटनीतिक कार्यशैलीका कारण भारत असन्तुष्ट बन्दै गएको बुझिएको छ । सरकार बनेको डेढ महिनासम्म पनि प्रधानमन्त्री वालेन्द्र शाहले भारतीय राजदूतसँग भेट्न अस्वीकार गरेका छन् । नेपाल-भारत सीमावर्ती क्षेत्रका नागरिकको दैनिक जनजीवनमै असर पार्ने गरी भन्सारमा कडाइ गरेका छन् ।

नेपाली भूमि लिपुलेक भएर तीर्थयात्रा मार्ग सुरू गरेकामा नयाँदिल्ली र बेइजिङ दुवैलाई कूटनीतिक नोट पठाए–यो भारतीय विदेश सचिव काठमाडौं आउन लागेको केही दिनअघि मात्र भयो र जसले अन्ततः त्यो भ्रमण नै स्थगित गराएका छन् ।

नेपाल-भारत सम्बन्धलाई नजिकबाट हेर्ने कूटनीतिज्ञ, विश्लेषक र परराष्ट्र मामिला विज्ञहरुका अनुसार यो काठमाडौंको नयाँ सरकार

>>> बाँकी ८ पेजमा

# आन्तरिक विवादमा रुमलिँदै कांग्रेस-एमाले

## बालेन सरकारको दम्भ झन् बढ्यो





काठमाडौं । नेपाली काँग्रेसभित्रको आन्तरिक द्वन्द्व तत्काल समाधान हुनेमा अनिश्चितता कायमै रहेको छ । गत पुसमा तत्कालिन महामन्त्री रहेका गगन थापा पक्षले विशेष महाधिवेशन गरी थापा नै काँग्रेसको सभापतिमा निर्वाचित भएपछि काँग्रेसभित्रको आन्तरिक द्वन्द्व छताछुल्ल भएको हो । तत्कालिन सभापति शेरबहादुर देउवाले उपसभापति पुर्ण बहादुर खड्कालाई कार्यवाहक सभापति दिएका थिए । देउवा पक्षले पुसमा भएको विशेष महाधिवेशनलाई मान्यता नदिएको भएपनि सर्वोच्च अदालतले थापा पक्षलाई नै मान्यता दिएपछि काँग्रेसभित्रको विवाद अन्त्य हुन सक्ने आंकलन गरिएको भएपनि विवाद अझ बढ्दै गएको र काँग्रेस नै विभाजित हुनसक्ने अवस्थामा पुगेको छ । नेपाली काँग्रेस पटक-पटक विभाजित हुँदै आएको भएपनि फेरी एकजुट हुँदै आएको पार्टीको रुपमा चिनिन्छ ।

गिरिजाप्रसाद कोइराला सभापति रहेका बेला शेरबहादुर देउवा पक्षले पार्टी विभाजित गराएका थिए । तर केही समयपछि काँग्रेस फेरी एकजुट भएको थियो । त्यसबेला कोइरालाले देउवा पक्षलाई केन्द्रीय समिति लगायत अन्य विभिन्न समितिहरु र सांसदहरुको

निर्वाचनमा पनि ४० प्रतिशत भागवण्डा लगाई दिएका थिए । अहिले पनि कार्यवाहक सभापति पुर्ण बहादुर खड्का पक्षले सोही माग गगन पक्षसँग गरिरहेका भएपनि थापा पक्ष त्यसलाई स्वीकार गर्न तयार नभएकाले पार्टी औपचारिक रुपमै विभाजनको डिलमा पगेको छ । गत फागुन २१ गते भएको निर्वाचनमा काँग्रेसको पर्ण बहादुर खड्का पक्षले भागै लिएन । त्यही कारणले गर्दा काँग्रेस नराम्रोसँग पराजित हुन पुगेको छ । काँग्रेसको सभापति थापा पक्षमा उपसभापति विश्व प्रकाश शर्माको दबाव भएपनि ६०/४० को भागवण्डा नगरी सय प्रतिशतको काँग्रेस बनाउने हो भन्ने अभिव्यक्ति दिएको भएपनि पुर्ण बहादुर खड्काले भने पार्टी एकता गर्ने कि विभाजन हुन दिने भन्ने गगनको हातमा रहेको बताएका छन् । संसदको निर्वाचनमा भने खड्का पक्षका केही व्यक्तिहरुलाई उम्मेदवार बनाइएको थियो भने गगन पक्षका धेरै उम्मेदवार रहेका भएपनि प्रत्यक्षतर्फ जम्मा १९ जनाले मात्र जित हाँसिल गर्न सकेका थिए ।

>>> बाँकी ८ पेजमा

## बालेनसामु रास्वपा नतमस्तक, नेतृत्व निरिह

काठमाडौं । बालेन साह प्रियतावादबाटै उठाएका हुन् । काठमाडौं महानगरपालिकाको मेयर पदमा निर्वाचन लड्न उनले आफ्नो प्रियतावादलाई प्रयोग गरेर मेयर पदमा निर्वाचित भएका थिए । मेयर पदलाई समेत उनले प्रियतावादकै रूपमा प्रयोग गरे । भने गत फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा समेत उनले त्यही प्रियतावादलाई प्रयोग गरेर सांसद पदमा निर्वाचित भएपछि उनलाई रास्वपाले प्रधानमन्त्री बनाएको हो ।

साहकै प्रियतावादको कारण रास्वपाले झण्डै दुईतिहाई मत पाएको छ । रास्वपाका उम्मेदवारहरु को हुन् भनेर जनताले सोध्दै नसोधी घण्टी चिन्ह बालेन साहको हो भनेर मतदान गरेका थिए । जनताले रास्वपाका उम्मेदवारहरुलाई चिनेका र देखेको पनि थिएनन् । तर,

>>> बाँकी ८ पेजमा

## भारतको 'कक्रोच जनता पार्टी'मा युवाको भीड

काठमाडौं । भारतमा कक्रोज जनता पार्टीले तहल्का पिटेको छ । युवाका लागि युवाहरुद्वारा बनाइएको युवाहरुको राजनीतिक मञ्चका रूपमा दाबी गरेको उक्त पार्टीमा केही दिनमा नै हजारौं युवाहरु जोडिएका छन् ।

बेरोजगार, अल्छी, जति बेला पनि अनलाइन बसिरहने र गनगने हुन्छ भिने योग्यता भएका व्यक्तिलाई लक्षित गरी भारतमा कक्रोच जनता पार्टी (सीजेपी) खोलिएको छ । यस पार्टीका संस्थापक बोस्टन विश्वविद्यालयमा जनसम्पर्क पढिरहेका ३० वर्षीय विद्यार्थी अभिजित दिपके हुन् ।

यसलाई कतिपयले नयाँ राजनीतिक संगठनका रुपमा टिप्पणी गरिरहेका छन् भने कतिले व्यङ्ग्यात्मक राजनीतिक प्रयोग भनिरहेका छन् । सन् २०२० देखि २०२३ सम्म आम आदमी पार्टी (आप) को सोसल मिडिया

>>> बाँकी ८ पेजमा

## प्रेस काउन्सिल, गोरखापत्रको नेतृत्वका लागि दरखास्त आह्वान

काठमाडौँ । सरकारले प्रेस काउन्सिल नेपाल, सार्वजनिक सेवा प्रसारण संस्था (पीएसबी) र गोरखापत्र संस्थानका प्रमुख नेतृत्वदायी पदहरूमा प्रतिस्पर्धात्मक प्रक्रियाबाट योग्य व्यक्तिको छनोट गर्न दरखास्त आह्वान गरेको छ । सूचना तथा सञ्चार मन्त्रालयले बिहीबार जारी गरेको सूचनाअनुसार प्रेस काउन्सिल नेपालको अध्यक्ष, सार्वजनिक सेवा प्रसारण संस्थाको अध्यक्ष र गोरखापत्र संस्थानको महाप्रबन्धक पदका लागि आह्वान गरिएको हो ।

योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आवेदन दिन सक्नेछन् । आवेदन दिने अन्तिम मिति २०८३ जेठ १८ गते सोमबार (कार्यालय समयभित्र) तोकिएको छ । यी पदहरूमा विगतमा राजनीतिक नियुक्ति भएका व्यक्तिहरूलाई अध्यादेशमार्फत पदमुक्त गरिएपछि नयाँ प्रक्रिया अघि बढाइएको हो ।

प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम अध्यक्ष पदका लागि सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीश, वरिष्ठ अधिवक्ता वा पत्रकारिता तथा सञ्चार क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरु योग्य मानिन्छन् । अध्यक्षको पदावधि चार वर्षको हुन्छ । यो पदले नेपालमा पत्रकारिताको मर्यादा, नैतिकता र स्वतन्त्रताको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्छ ।

सार्वजनिक सेवा प्रसारण ऐन, २०८१

>>> बाँकी ८ पेजमा

## प्रधानमन्त्री बानेलको व्यवहारप्रति रास्वपाको धारणा के ?




काठमाडौं । बलियो सकरार गठन हुँदा धेरै आशाको साथै केही आशंका पनि रहन्छन् । यस अर्थमा पनि सरकारले आफूले बाचा गरेको अनुसारका काम गर्न सहज हन्छ, नतिजा निकाल्न बाध्यता हुन्छ । आशंका यस अर्थमा हन्छन् की ? सरकारले संविधान ऐन कानून, विधि, प्रक्रिया, परम्परा र सन्तुलन भत्काउने भय रहन्छ । प्रधानमन्त्री बालेन साहका पछिल्ला गतिविधिहरूले यस्तै प्रवृत्तितर्फ धकेलिरहेको देखिन्छ ।

सरकारका केही कामहरूको प्रशंसा भई रहेको भएपनि प्रधानमन्त्री साहको संसद प्रतिको व्यवहार भने यति बेला आलोचित भइरहेको छ । संविधानको धारा ७६ को १० ले प्रधानमन्त्री र मन्त्रीहरु संसदप्रति उत्तरदायी हनुपर्ने भनेको छ । तर, प्रधानमन्त्री साहले भने संसदमा उपस्थित भएर सांसदले उठाएका प्रश्नहरूको जवाफ दिन अभिरूची देखाएका छैनन् । आफूलाई निर्वाचित गर्ने सदनप्रति प्रधानमन्त्री साहले देखाएको व्यवहारलाई कुनै सर्तमा पनि उचित मान्न सकिँदैन ।

बालेन साह प्रधानमन्त्रीमा नियुक्त भएको झण्डै दुई महिना पुग्न लागेको छ । उनी चैत्र १३ गते प्रधानमन्त्रीमा नियुक्त भएका थिए । आफूलाई निर्वाचित गर्ने संसदलाई उनले

>>> बाँकी ८ पेजमा

# संसद नजाने प्रधानमन्त्री नत संसदले खोजेको नत जनताले नै ?



काठमाडौं । पछिल्लो एक महिनामा बालेन साह सरकारले गरेका कतिपय निर्णयहरूलाई सर्वोच्च अदालतले अन्तरिम आदेशको माध्यमबाट रोक लगाएको छ । गत वैशाख २५ गते सुकुम्वासी र अव्यवस्थित बसोवासीलाई प्रक्रिया नपुऱ्याई अन्तरिम आदेश दिएको थियो । त्यसैगरी २८ गते पनि २ वटा अन्तरिम आदेश जारी भएका छन् । जसमा विश्वविद्यालयका विद्यार्थी संगठनहरूलाई प्रतिबन्ध लगाउने सरकारको निर्णय विरुद्ध अल्पकालिन अन्तरिम आदेश जारी भएको छ भने २८ गते नै कर्मचारी ट्रेड यूनियन खारेज गर्ने सरकारको निर्णय विरूद्ध पनि अल्पकालिन अन्तरिम आदेश जारी भएको छ ।

त्यसैगरी जेष्ठ १ गते १०० रूपैंया भन्दा बढीको सामानमा भन्सार शुल्क लिने सरकारको निर्णय संविधानको धारा १६ लाई ख्याल गर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । सरकारको नेतृत्वकर्ता दल रास्वपाले फागुन २१ गते सम्पन्न भएको निर्वाचनमा झण्डै दुईतिहाई मत पाएको र बालेन साहको नेतृत्वमा चैत्र १३ गते एकलौटी सरकार गठन गरेपश्चात् साह सरकारले गरेका कतिपय निर्णयहरु विवादको घेरामा परेका छन् ।

जब बलियो जनमत सहितको सरकार आउँछ त्यसबेला सरकार निरंकुशताको बाटोतर्फ अग्रसर हुने गरेको देखिन्छ । बलियो जनमतलाई देखाएर प्रक्रिया मिच्ने हुनाले त्यसलाई नियन्त्रण गर्ने काम अदालतकै हो ।

>>> बाँकी ८ पेजमा

## संसदमा प्रधानमन्त्रीको सम्बोधन अनिश्चित !

काठमाडौं । प्रधानमन्त्री बालेन साहले संसदमा कुनै जवाफ नदिएपछि प्रतिपक्षी दलहरूले कडा विरोध गरिरहेको भएपनि सम्बोधन कहिले गर्ने भन्ने विषयमा अझै अनिश्चित रहेको छ ।

रास्वपा महामन्त्री कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्री बालेन्द्र साहले संसद बैठकलाई सम्बोधन गर्ने कार्यतालिका तय नभईसकेको बताएका छन् ।

गत बुधबार संसद भवन परिसरमा सञ्चारकर्मीले प्रधानमन्त्रीले संसदलाई सम्बोधन कहिले गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफ दिँदै महामन्त्री बुर्लाकोटीले सरकारले मन्त्रीहरूलाई कार्यविभाजन गरेर संसदमा जवाफ दिने तालिका बनाइरहेको जानकारी पनि आफूले

>>> बाँकी ८ पेजमा

# One Aircraft and the Architecture of Dependence

**Qamar Bashir**

On March 27, a coordinated Iranian strike on Prince Sultan Air Base in Saudi Arabia, six ballistic missiles and 29 one-way attack drones, destroyed E-3G Sentry serial number 81-0005, a US Air Force airborne warning and control system aircraft. Its rear fuselage was burned through. Its rotating radar dome, the distinctive disc that defines the aircraft's function, was on the ground. The USAF has yet to formally declare it a total loss, but air battle managers who reviewed the images have described the destruction as effectively irreparable. The aircraft, based on the Boeing 707 airframe first launched in the 1950s, entered USAF service in 1978. Its production line closed in 1992. There is no replacement aircraft available and no production capacity to build one.

One destroyed aircraft should not constitute a strategic crisis. That it does reveals something important about how the USA has structured its military architecture, and what that structure costs when it meets an adversary with patience, resources, and a systematic understanding of where US airpower is most exposed.

The E-3 fleet began 2026 with 17 aircraft. The USAF had already retired 15 of its 31 jets in 2023 and 2024, concentrating maintenance resources on the remaining airframes to improve availability rates that had fallen to approximately 56 percent —meaning that on any given day, fewer than ten E-3s were operationally capable. When Operation Epic Fury began on February 28, CENTCOM deployed six of those aircraft to Prince Sultan Air Base, representing nearly 40 percent of the entire fleet concentrated at a single forward location. The decision prioritized coverage over survivability.

The March 27 strike forced a reckoning with that calculus. Heather Penney, a former F-16 pilot and director of studies at the Mitchell Institute for Aerospace Studies, said that the E-3's loss was "incredibly problematic, given how crucial these battle managers are to everything from airspace deconfliction, aircraft deconfliction, targeting and providing other lethal effects that the entire force needs for the battle space." Kelly Grieco of the Stimson Center, tracking the pattern of Iranian strikes across the campaign, identified what she described as a deliberate counter-air strategy targeting three distinct functional categories: radar and communications infrastructure, aerial refueling tankers, and now the AWACS. "That's not random," she said. "That's a target set derived from an understanding of how U.S. airpower functions and where it is most exposed."

The strategic significance of the E-3's loss extends beyond the immediate operational gap. An airborne early warning aircraft operating over the Gulf can detect an incoming Iranian Shahed drone launched 200 miles away approximately 85 minutes sooner than ground-based radar, according to analysis by Peter Layton, a former Royal Australian Air Force officer and fellow at the Griffith Asia Institute. That warning time is the margin within which missile defence batteries activate, fighter intercepts are directed, and base personnel seek shelter. Compressing it increases interceptor consumption rates, reduces intercept probabilities, and creates the accumulating coverage gaps that Grieco described as "operationally significant even if no additional aircraft are destroyed." The loss of one E-3 does not disable US airpower. It degrades the connective tissue through which airpower coordinates —and degraded coordination at operational scale produces exactly the kind of coverage gaps that allowed Iranian missiles to reach the flight line at Prince Sultan despite the presence of Patriot and THAAD batteries at the base.

The E-3 destroyed at Prince Sultan is not primarily a story about one aircraft. It is a story about what single points of failure cost when they cannot be replaced, and about what happens when the production lines that would allow replacement were closed a generation before the conflict that made them necessary.

The replacement problem is structural, not merely logistical. The E-3's successor, the Boeing E-7A Wedgetail based on the 737-700 airframe, was already in troubled development before the war began. The Pentagon moved to cancel the programme in its fiscal 2026 budget request, citing cost growth from $588 million to $724 million per aircraft and survivability concerns in contested airspace. Congress reversed the decision in the fiscal 2026 National Defense Authorization Act and blocked further E-3 retirements until sufficient Wedgetails are in service. But Boeing delayed the E-7A's first flight test by nine months to May 2027 due to a required critical security architecture change. The first operational aircraft is not expected to reach the USAF until 2028 at the earliest. A full fleet of 26 aircraft is years further out. The aircraft destroyed at Prince Sultan cannot be replaced from inventory. It cannot be rebuilt from a closed production line. It can only wait for a successor whose delivery timeline predates the war that made its absence visible.




A March 2026 report by the Center for a New American Security warned that proposed alternatives to dedicated airborne battle management, space-based sensors and fighter-based networks, are either longer-term technological prospects, unproven at battle management scale, or highly vulnerable to the same counter-air targeting that destroyed the E-3. The report recommended treating them as complements rather than substitutes. That recommendation arrives too late for the aircraft destroyed at Prince Sultan but not too late for the force structure decisions that will determine how the USA manages a conflict requiring airborne battle management when its fleet of irreplaceable aircraft is already below the number of B-2 bombers in service.

Iran did not defeat US airpower in this conflict. It demonstrated, with one strike against one aircraft, what happens when force architecture built around high-value irreplaceable platforms meets an adversary that has spent years studying exactly which targets to hit. The E-3 destroyed at Prince Sultan is not primarily a story about one aircraft. It is a story about what single points of failure cost when they cannot be replaced, and about what happens when the production lines that would allow replacement were closed a generation before the conflict that made them necessary.

# अर्थ मन्त्रालयले मानेन संवैधानिक आयोगको निर्णय

काठमाडौं । संवैधानिक आयोगको निर्णयलाई अवज्ञा गर्दै संघीय सरकारको अर्थ मन्त्रालयले तल्ला तहमा जाने वित्तीय समानीकरण अनुदान कटौंती गर्न भन्दै कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा पुनः पत्राचार गरेको छ ।

अर्थ मन्त्रालयअन्तर्गतको महालेखा नियन्त्रक कार्यालयले कोष तथा लेखा नियन्त्रण कार्यालयलाई पत्राचार गर्दै चौथो त्रैमासिक किस्ताबापत २५ प्रतिशत रकममध्ये २१.०२ प्रतिशत मात्रै तल्ला तहलाई हस्तान्तरण गर्नु भनेको हो । जबकि यसअघि नै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संसद्बाट पारित बजेटमा तोकिएको अनुदान कटौती नगर्न भन्दै सरकारको ध्यानकर्षण गराएको थियो ।

प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण वित्त आयोगले सिफारिस गर्ने संवैधानिक एवं कानुनी व्यवस्था छ । सोहीअनुसार नै आयोगले चालू आव ०८२/८३ का लागि वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गरेको थियो । संघीय सरकारले चालू आवका लागि एक खर्ब ४९ अर्ब ६२ करोड ८० लाख समानीकरण अनुदान हस्तान्तरण गर्ने घोषणा गरेको थियो ।


'अर्थ मन्त्रालयको पत्रबाट लेखी आएबमोजिम आर्थिक वर्ष ०८२/८३ को चैत मसान्तसम्म वार्षिक लक्ष्यको तुलनामा ८४.११ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्न लेखी आएकाले प्रदेश र स्थानीय तहलाई चौथो त्रैमासिक किस्ताबापत विनियोजित रकमको २१.०२ प्रतिशत (अर्थात् कुल विनियोजित रकमको ९१.४५ प्रतिशतमा नबढ्ने गरी) ले हुन आउने रकम हस्तान्तरण गर्नु गराउनु हुन यस कार्यालयको ५ जेठको निर्णयानुसार अनुरोध छ,' महालेखाले लेखेको पत्रमा उल्लेख छ ।

त्यसअघि अर्थ मन्त्रालयको पत्राचारका आधारमा महालेखा नियन्त्रक कार्यालयले पहिलो र दोस्रो त्रैमासबापतको किस्तासमेत कटौती गर्ने निर्णय गरेको थियो । तेस्रो त्रैमासमा पनि अनुदान कटौती गर्न भन्दै महालेखा नियन्त्रकले पत्रचार गरेपछि वित्त आयोगले पत्राचार नै गरेर कटौती नगर्न भनेको थियो ।


'महालेखा नियन्त्रक कार्यालयको मिति ०८२/१०/२७ को निर्णयानुसार तेस्रो त्रैमासिक किस्ताबापत हुने २५ प्रतिशतमध्ये २०.४३ प्रतिशत (अर्थात् कुल स्वीकृत वार्षिक बजेटमध्ये तेस्रो किस्तासम्मको ७०.४३ प्रतिशत नबढ्ने गरी) प्रदेश र स्थानीय तहमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गराउनु भनी सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई पत्राचार गरिएको सन्दर्भमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ,' गत ११ चैतमा आयोगको निर्णयमा उल्लेख छ ।

प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण सिफारिस गर्ने व्यवस्था वित्त आयोगमा निहित रहेको आयोगको भनाइ छ । संघीय सञ्चित कोषवाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने अधिकारसमेत यस आयोगमा रहेको छ । आयोगले निर्धारण गरी सिफारिस गरेको र उक्त संवैधानिक व्यवस्थाको अधीनमा रही आयोगले गरेको सिफारिस अनिवार्य रूपमा नेपाल सरकारले कार्यान्वयन गर्नुपर्ने भन्ने बुझाइ नै आयोगको छ ।

आयोगका कार्यवाहक अध्यक्ष विपिनराज निरौलाले वित्तीय हस्तान्तरणको सिफारिस गर्ने र परिमाण तोक्ने संवैधानिक अधिकार आयोगसँग रहेको भन्दै सरकारले आयोगको सिफारिसलाई अवज्ञा गर्न नहुने बताए । 'संवैधानिक आयोगको निर्णय तथा सिफारिस अनिवार्य रूपमा सबै सरकारले मान्नुपर्छ, यो बाध्यकारी हो,' उनले भने ।



# भ्रष्टाचारको जालो बढार्ने दुर्लभ अवसर



• राजन कार्की
rajan2012karki@yahoo.com

नेपालको राजनीति भनेकै सत्ता, षडयन्त्र र भ्रष्टाचार हो । नेपाल सानो छ, कमजोर छ । विश्वशक्तिको चलखेल बढ्न थालेको छ । नीतिमै कमजोरी छ भन्ने भाष्य सम्पूर्ण सत्य होइन । भूगोल, भूराजनीति, आर्थिक सिमितता अनेक समस्या छन् तर नेपालको सबैभन्दा गहिरो घाउ जसले पिरोलिरहेको छ त्यो हो, भ्रष्टाचार, राजनीतिक अनैतिकता । यही दीर्घरोगले नेपालको सुशासन, विकासमा ऐंजेरू लागेको हो । राज्य लथालिङ्ग हुनपुगेको हो ।

कुनै बेला चार्ल्स शोधराज भन्ने अन्तर्राष्ट्रिय रूपमै बिकिनी किलर भनेर बदनाम पात्रलाई कसैले पक्राउ गर्न सकेन । नेपाल प्रहरीले पक्राउ गरेर कानुनी नेल ठोक्यो । उनी भन्थे- नेपालको शासनलाई किन्न सकिन्छ, पैसा दियो भने एयरपोर्टबाट हात्ती पनि छिराउन सकिन्छ । यो भनाईले नेपालको राजनीतिक असक्षमताको अनुमान गर्न सकिन्छ ।

भ्रष्टाचारले राज्यका सबै अंग अंग सरूवा क्यान्सर बनेर गलित बनाइरहेको स्थितिको बिद्रोह युवाले गरे, युवालाई जनताले साथ दिए र आजको परिवर्तन आएको छ । यो परिवर्तन यस्तो बेला आएको छ, विश्वअर्थतन्त्रमा नेपाल ग्रेलिष्टमा परिसकेको छ, ४ महिनाभित्र सुधान नगरेर ब्ल्याक लिस्टमा पर्नेवाला छ । युरोपमा नेपालको ध्वजाबाहक उड्न रोक लागेको दुई दशक भइसक्यो । राज्यक्षमता नभइ भएको छैन, दीर्घकालीन रणनीतिक स्थायित्वमा संरचनागत सुधार गर्नुछ । कूटनीतिमा गतिलो कदम चाल्नुछ । राजनीति, प्रशासन र अपराधिक-व्यापारिक साँठगाँठको सम्बन्ध तोड्नुछ, यो डरलाग्दो प्रदूषणलाई निर्मलीकरणमा नै नेपालको अस्तित्व निर्भर छ ।

एकप्रकारले भन्नुपर्दा नेपालको राजनीतिक र प्रशासनिक ऐन फुटेको स्थिति छ । ऐना सग्लो नभएसम्म नेपाल के कस्तो हो स्पष्ट देख्न सकिन्न, दुविधा हट्दैन । अहिलेको परिवर्तन चानचुने परिवर्तन होइन । यो परिवर्तनले समूल दुरावस्थालाई सुव्यवस्थामा परिवर्तन ल्याउनु छ । यसकारण नेपाल कालजयी परीक्षामा छ ।

नेपालको यो परिवर्तनका साथसाथै पेण्डोराको बाकस खुलेजस्तो भएको छ । राज्यका समूल सञलमा दुषित, विषालु किटाणुहरु सलबलाउन थालेका छन् । अपराधमाथि राजनीतिक संरक्षणवाद, प्रशासनिक विवेकहीनता, र अपराधिक-व्यापारिक कसिलो साँठगाँठको संयोजन, जसले नेपाललाई डसिरहेको छ । नेपाली राज्य र जनजीवन जिवन्त पार्ने दायित्व परिवर्तनकारीहरूका मुख्य चुनौती हुन् ।

विवेक भन्ने कहीँ पनि छैन । जता पनि राजनीतिकरण, अपराधिकरण । राजनीति भनेको कुतत्वहरूले साँठगाँठ गरेर चोखिन नुहाउने बाइसधारा बनेको छ । यसकारण विद्यार्थीले पढुन्, कर्मचारीले काम गरून्, दलालीतन्त्रको जरा उखेलिउन् भन्ने निर्णयहरु सरकारले गरेको छ । तर पुराना दलहरु अझै पनि जता पनि ट्रेड युनियन, राजनीतिकरण बचाउने अन्तिम प्रयास गरिरहेकै छन् ।

द्वन्द्व पद्ररानै लद्रटतन्त्र र बिकृति कायम राख्ने कि सबैले आआफ्ना कर्तव्य पूरा गर्ने स्वच्छता स्थापित गर्ने भन्ने छ । यो तानातान सफल भयो भने परिवर्तन सार्थक हद्रनेछ । राज्यले डेलिभरि दिन सक्षम हद्रनेछ । पद्ररानाले जिते भने भताभद्रङ्गताले देशलाई असफल पार्नेछ । नयाँ शक्ति सफल हद्रन्छ कि हद्रन्न ? नयाँ शक्तिले कम्मर कसेकाले यतिबेला परिदृश्य अचम्म अचम्मका देखिन थालेका छन् ।

नयाँ शक्ति सर्वत्र कायम युनियनहरु, प्रशासन, र ठेकेदारहरूलाई जोड्ने दलाल सञ्जाल फोड्न लागिपरेको छ । खरिद निर्णय, नियामक कार्यान्वयन, र विकास प्राथमिकतामा बाँचेको भाइरस हटाउन लागिपरेको छ । बजेट र विकास जनताको हातमुखसम्म पुग्ने र राज्यलाई लोककल्याणकारी बनाउनै पर्छ भनेर व्यवस्था मिलाउँदैछ । यसकारण भ्रष्ट र स्वार्थी तत्वहरु निकै आक्रोसित छन् । सबैभन्दा भयानक आक्रोश २०९२ सम्म को को प्रधानन्यायाधीश बन्ने भन्ने सेटिङ् भत्केपछि र नदी किनारका हुकुमवासीको उठिबास भएपछि सडकमा देखिन थालेको छ । दशैं अघि नै खास सुकुमवासीलाई लालपूर्जा बाँड्ने र त्यतिञ्जेल खाना खर्च दिने निर्णय सरकारले गरिसकेको छ । बहुदलको ३७ वर्ष र लोकतन्त्रको १८ वर्ष जुका बनेर राज्यकोष र जनता चुसेकाहरु राज्यले केही गरेन भनेर बिरोध गर्दै आत्मरती गरिरहेका छन् । आत्मरती गर्नेहरूले नयाँ सरकारले पाउनै पर्ने हनिमून समय सय दिन पनि दिएनन् । हरेक दिन सडक, संसद, सञ्चार माध्यमबाट सरकार ढाल्न राजीनामा दे भनेर उग्र नारा लगाइरहेका छन् ।

इतिहासमै पहिलोपल्ट संसदमा प्लेकार्ड प्रदर्शन गरेका छन् । तिनले नै बनाएको कानुनअनुसार चल्दा पनि प्रधानमन्त्री खोई भनेर प्रश्न गरिरहेका छन् । जबकि प्रधानमन्त्री काम गर्न आएको, मलाई काम गर्न देउ भनिरहेका छन् । प्रधानमन्त्रीले अबको डेढ महिनामा केही ठोस काम गरेपछि संसदबाट आफ्नो अभिव्यक्ति दिने मनस्थिति बनाइरहेको सूचना रास्वपाले नै सार्वजनिक गरेको छ ।

राजनीति र प्रशासनमा सरकारले आँधी ल्याएको छ । यो आँधीको प्रभावका कारणले तलवजीवीहरु सेवा दिनैपर्ने बाध्यतामा पुगेका छन् । अनावश्यक खर्च कटौती हुँदैछन् । १५ गते सवल बजेट आउने विश्वास गरिएको छ । कतैबाट पनि प्रजातन्त्रमा आँच नआउने र निरंकूशता नअपनाउने प्रष्टता सत्तारूढ दलले प्रष्ट पारिसकेको छ । राजनीतिक अर्थशास्त्री र विश्लेषकहरु भन्छन्- नागरिकको अपेक्षा र राज्यको वितरणवीचको खाडल पुरिनेछ । यो सरकारले छलाङ मार्न थालिसकेको छ । दलालतन्त्रको मृत्यु देखिन थालिसकेको छ ।

सत्ताको करिडरमा बसेर जो मण्डी ओढेर घ्यू खाइरहेका थिए, तिनीहरु बान्ता गर्न थालिसकेका छन् । राइट म्यान राइट प्लेस, जनताप्रति जवाफदेहीता, क्षमता र दक्षताको कदर, अवसरको सिर्जना, समानता र न्यायको अनुभूति हुन थालेका छन् । पुँजीको सही उपयोग, उद्यमशीलतालाई प्रोत्साहन, उत्पादनशीलताको अभिवृद्धि, वैदेशिक लगानीलाई आकर्षण र सवल परराष्ट्रनीतिले आन्तरिक र बाह्य जगतमा नेपालको घट्दो इज्जत बिनष्ट हुनेक्रम छ । पहिलोपल्ट प्रधानमन्त्रीले आन्तरिक व्यवस्थापन नगरी विदेश भ्रमण नगर्ने, विशिष्टले उपचारका नाममा राजस्व लुट्ने, अनावश्यक सेवा सुविधाको कटौती गर्ने र पार्टीका कार्यकर्ता पाल्ने परिपाटीको क्रमसः अन्त्य गर्ने आँट देखाएको छ । अर्थात जनताले खोजेको सेवा प्राप्ति र अपेक्षाको परिपूर्तिको परिवर्तन देखिन थालेका छन् ।

जोखिम अत्यधिक छ, तर सरकार जोखिमसँग जुधिरहेको छ ।

प्रजातन्त्र बेलायतबाट पोषित छ । बेलायतमा संविधान छैन तर नैतिकताबाट त्यो पद्धति चलिरहेको छ । नयाँ सरकारले त्यही परिपाटी अंगीकार गर्न आकर्षित भइरहेको छ । त्यो पद्धति बस्यो भने नैतिकता र जवाफदेहीताको अपूर्व परिदृश्य देख्न पाइनेछ । नेपालजस्ता मुलुकले राजनीतिक, आर्थिक, कूटनीतिक, सामाजिक सबै क्षेत्रमा विकसित हुनका लागि यिनै गुण अत्यावश्यक छन् । यही अनुसार राष्ट्रिय नीति बनाउन सकियो भने जनताले खोजेको र रोजेको परिवर्तन सार्थक हुने पक्का छ ।

ब्राजिलदेखि हाइटीसम्म अनेकन भ्रष्टाचारका काण्ड देखिए । काण्डहरूको अनुसन्धान भयो र राजनीतिक, प्रशासनिक र व्यापारिक व्यक्तिहरूले जेलको हावा खानुपऱ्यो । विश्वका अनेक मुलुकमा भ्रष्टाचारका ठूला ठूला काण्ड भएका छन् र छानबिनपछि दण्डित पनि गरिएका छन् । नेपालमा त भ्रष्टाचारका प्रकरणहरु बिस्कुन हाल्न पुग्नेछन् । संसदमै कुरा उठेका छन्, ६ दर्जन भ्रष्टाचार काण्डको छानबिन होस् । कतिपय काण्ड त महालेखा परिक्षकको रिपोर्टमा छन् । अब टालटुल पारेर ती काण्डहरु लुक्नसक्ने छैनन् । ती काण्डहरूमाथि अनुसन्धान र दण्ड नदिएसम्म नेपालमाथि लागेको ग्रेलिस्टको दाग धुन सकिनेछैन । यसकारण त सरकारले ०४६ साल पछिका सत्ता र शक्तिमा बसेकाहरूको सम्पत्ति छानबिन गर्न थालेको छ । प्रधानमन्त्री स्वयम्ले आफूमाथिसमेत छानबिन गर्न भनेका छन् ।

भ्रष्टाचार पद्धति बनिसकेको छ, त्यसबाट मुक्ति जरूरी छ ।

हो, जोखिम छ । जोखिम मोलेरै यो सरकार गठन भएको छ । यो सरकारलाई अपार जनादेश छ । यो सरकारले गर्न नसक्ने केही पनि छैन । देशका लागि, जनताका लागि केही गर्न आएको सरकारले परिवर्तनकारी काम गर्नैपर्छ । यसैलाई भनिन्छ, सुवर्ण अवसर । यही अवसरको उपयोग गरेर भ्रष्टाचार र जनविरोधी जराहरु उखेल्नुपर्नेछ ।

सरकारको सुधार गर्ने गति तिब्र छ । यो तीब्रता रोकिनु हुन्न । हतार गर्दा चिप्लिने भय हुन्छ, त्यसतिर सुधार चाहनेहरूले सही सूचना, सुझाव दिनुपर्छ । जो मर्न डराउँदैन, उसले केही गर्छ । रास्वपा र सरकारको नेतृत्वमा जो छन्, उनीहरु देश र जनताका लागि मर्न डराउन्न भनिरहेका छन् । तिनले जनादेश पाएका छन्, जनताको साथ छ, यस्तो अवसर जोकोहीले पाउँदैनन् ।

कविले लेखेका पनि छन्-

एक युगमा एक दिन आउँछ । हो, नेपालको इतिहासमा वर्तमान कालखण्ड एक युगमा आएका एक दिन हो ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

\- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

### प्रधानमन्त्रीको दम्भ र रास्वपाको मौनताको अर्थ ?

*नेपालको संविधानको धारा ७६ को (१७) ले प्रधानमन्त्री र मन्त्रीहरूलाई सदनप्रति उत्तरदायी हुनुपर्दछ भनेको छ। तर प्रधानमन्त्री बालेन साह भने सदनलाई समय दिन तयार देखिएका छैनन्। आफूलाई प्रधानमन्त्रीमा निर्वाचित गर्ने सदन प्रति प्रधानमन्त्री साहले देखाएको व्यवहार संविधानको मर्म विपरित रहेको छ। गत बैशाख २८ गते यताको प्रधानमन्त्रीका व्यवहारलाई लिएर उनका आलोचना भईरहेका र थप टिकाटिप्पणी समेत हुँदै आएका छन्। त्यस दिन उनले राष्ट्रपतिलाई हस्तान्तरण गरेको सरकारको नीति तथा कार्यक्रम राष्ट्रपति रामचन्द्र पौडेलले वाचन गरिरहँदा उनी उठेर सदनबाट हिडे। राष्ट्रपति र सदन प्रतिको यो व्यवहार प्रधानमन्त्रीको व्यक्तिगत बाध्यता थियो वा अन्य केही कारण थियो। त्यसका बारेमा उनले केही बताएका छैनन्। गत बुधबार र विहिबार सदनमा प्रधानमन्त्रीको खोजी भयो तर उनी आएनन्। त्यसैले यहि बेला उनको बारेमा प्रश्न उठेको छ। प्रधानमन्त्रीको संसद प्रतिको जवाफदेहिता र उत्तरदायित्व के हो ?*

*बालेन साह प्रधानमन्त्रीमा नियुक्त भएको झण्डै ६० दिन पुग्न लागेको छ। यतिबेलासम्म उनले संसदमा कुनै सम्वोधन गरेका छैनन् अर्थात आफूलाई प्रधानमन्त्री बनाउने जनता र जनताको प्रतिनिधित्व गर्ने संसदलाई धन्यवाद समेत दिन सकेको छैनन्। बलियो एकलौटी सरकार गठन हुँदा धेरै आशाका साथ धेरै आशंका पनि रहन्छ। यस अर्थमा कि सरकारले आफूले बाचा गरेनुसारको काम गर्दछ कि गर्दैन भन्ने बलियो एकलौटी सरकार गठन भएको हुनाले काम गर्न सहज हुन्छ भने विश्वास जनतालाई थियो। तर, विस्तारै जनताको त्यो विश्वासमाथि कुठराघात हुन सक्ने सम्भावना बढेर गएको छ। प्रधानमन्त्री बालेन साहको गतिविधिले नेपाली जनतालाई दुविधातर्फ धकेलेको जस्तो देखिन्छ। कतिपय क्षेत्रमा बालेन सरकारको काम कारबाहीको प्रशंसा समेत भएको छ भने कतिपय क्षेत्रमा उनले गरेका काम कारबाही र व्यवहारको विरोध समेत हुँदै आएको छ। आफैँले निर्माण गरेको सरकारको नीति तथा कार्यक्रम भनेको प्रधानमन्त्रीको नीति तथा कार्यक्रम हो भन्ने बुझाई जनतामा रहेको त्यो बुझाईमा सत्यता रहेको छ। मन्त्रीहरू भनेका प्रधानमन्त्रीका सहयोगी मात्र हुन् त्यसैले गर्दा मन्त्रीले पदबाट राजिनामा गर्दा पनि प्रधानमन्त्रीले राजिनामा दिनु पर्दैन। तर, प्रधानमन्त्रीले राजिनामा दिएको खण्डमा मन्त्रीहरू स्वतः पदमुक्त हुने र प्रधानमन्त्रीलाई नै उनको नाम अनुसारको सरकार भनिने व्यवस्था भएकाले अहिले बालेन सरकार भनिएको हो। कुनै मन्त्रीको सरकार भनिदैन तर प्रधानमन्त्री बालेन रहेकाले बालेन सरकार भनिएको हो। गत फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएकोले रास्वपाका वरिष्ठ नेता समेत रहेका बालेन साह प्रधानमन्त्री बनेका हुन्। पछिल्ला दिनहरूमा प्रधानमन्त्री साहले देखाएको व्यवहारहरूको बारेमा रास्वपाको धारणा जनता र विपक्षी राजनीतिक दलहरूले खोजिरहेका छन्। रास्वपाका सांसदहरूले समेत संसदमा झण्डै दुई तिहाई मतको दम्भ देखाउन थालेका छन्। वितगमा रास्वपा संसदमा रहँदा उनैले उठाएका विषयहरूलाई लत्याउँदै रास्वपा र रास्वपा नेतृत्वको बालेन सरकार अघि बढ्ने प्रयास गरिरहेको छ। संसदलाई वेवास्ता गर्दै बहुमतको दम्भ देखाउने थलोको रुपमा संसदलाई प्रयोग गर्ने प्रयास हुनु भनेको लोकतान्त्रिक व्यवस्थाकै लागि खतरनाक हुन सक्छ। कुनै बेला नेपाली काँग्रेसले पनि बहुमत ल्याएको र एकलौटी सरकार निर्माण गरेको थियो। तर, सरकार पनि टिक्न सकेन र पार्टी नै विभाजित भएको इतिहास साक्षी रहेको हेक्का रास्वपा र बालेन सरकारलाई होस्।*

*सरकारले ल्याएको नीति तथा कार्यक्रम भनेको प्रधानमन्त्रीको नीति तथा कार्यक्रम भएकाले त्यसका विषयमा संसदमा छलफल हुँदा उठेका प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनु पर्ने र उनी संसद प्रति जवाफदेही हुनुपर्नेमा त्यस्तो देखिएन। प्रतिनिधिसभाको नियमावलीमा प्रधानमन्त्रीको विकल्पमा मन्त्रीले जवाफ दिने छुट दिएको छ। यतिबेला रास्वपा र सरकारले यहि नियमावली देखाएर प्रधानमन्त्रीले जवाफ दिनुपर्दैन भनिरहेका छन्। तर, आफैँले आफ्नो सरकारको नीति तथा कार्यक्रम संसदमा राष्ट्रपतिमार्फत पेश गरेको हुनाले त्यसमा उठेका प्रश्नहरूको जवाफ संसदमा गएर दिने व्यवस्थालाई लोकतान्त्रिक पद्दति मानेर स्वीकार गरिएको हो। के बालेन सरकार लोकतान्त्रिक पद्दतिलाई समेत स्वीकार गर्न तयार छैनन् ? यसको जवाफ जनता र विपक्षी दलहरूले खोजिरहेका छन्। संसदमा सांसदहरूले प्रधानमन्त्रीलाई खोजेका हुन् बालेनलाई होइन भन्ने हेक्का रास्वपा र रास्वपाका सांसदहरूलाई समेत होस्।*

*गत भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलन र फागुन २१ गतेको निर्वाचनको जगमा बनेको बालेन साह नेतृत्वको सरकारबाट जनताले पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व खोजेका थिए। त्यही आन्दोलनको जगमा बनेको बालेन सरकारले जनतालाई त्यस्तो महसुस गराउन सकेका छैनन्। रास्वपाले आफ्नो नेतृत्वको बालेन साह सरकारले गल्ती कमी कमजोरीहरूलाई स्वीकार गर्नु पर्दछ भन्ने हामीले ठानेका छौं।*

# मदन भण्डारीका विचार र योगदानको सान्दर्भिकता

**युवराज ज्ञवाली**

नेकपा (एमाले)ले जननेता मदन भण्डारी र जीवराज 'आश्रित'को स्मृति दिवसका सन्दर्भमा हरेक वर्ष ३ जेठमा उहाँहरूको योगदानको चर्चा गर्दै विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ । वास्तवमा मदन भण्डारी एमालेका नेता मात्र नभई यो देशको कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्तिपूर्ण आन्दोलनका समेत नेता हुनुहुन्थ्यो ।

सन् १९९० को दशक सोभियत संघ र पूर्वी यरोपका समाजवादी मुलुकमा ७० वर्षको सोभियत मोडेलको समाजवाद पतनको समय थियो । विश्वका तमाम कम्युनिस्ट पार्टीहरूमा आफ्नो नाम परिवर्तन गर्दै पार्टी विघटन गर्ने एक किसिमको होडबाजी नै चलेको थियो । विश्वभरि नै कम्युनिस्ट आन्दोलनमा चरम निराशा छाएको अवस्था थियो । त्यसवेला विश्वभरिका तमाम पुँजीवादी राजनीतिक पार्टीहरु, पुँजीवादलाई चिरस्थायी बनाउन चाहने तमाम विद्वान् तथा बुद्धिजीवीले विश्वबाट कम्युनिस्ट आन्दोलन मात्र होइन, समाजवाद नै असफल भएको, मार्क्सवादको सान्दर्भिकता सकिएको भन्दै ठुल्ठुला ग्रन्थ नै लेखे । पुँजीवादले अर्को ठुलो विजय हासिल गरेको हल्ला मच्चाइयो । त्यसवेला उनीहरूले विश्वमा कम्युनिस्टलाई उठ्न नदिने महाअभियान नै चलाए ।

सो घटनापछि विश्व पुँजीवादको अगुवा अमेरिकाको एकछत्र हैकम सुरू भयो । ऊ आफूलाई एकल महाशक्ति राष्ट्रका रूपमा उभ्याउन सफल भयो । तर, अन्तर्राष्ट्रिय परिस्थिति अत्यन्त प्रतिकूल भएको अवस्थामा पनि विश्वको सुदूरपूर्व चीन र भारतको बिचमा अवस्थित सानो देश नेपालमा भने कम्युनिस्ट आन्दोलन नवीन विचार, नयाँ उत्साह र नयाँ आस्था एवं विश्वाससाथ तीव्र रूपमा फैलँदै थियो ।

त्यसवेला तत्कालीन मालेको ०४६ भदौमा सम्पन्न चौथो महाधिवेशनपछि प्रमुख नेता, महासचिव मदन भण्डारीको अगुवाइमा संयुक्त जनआन्दोलनको कार्यनीतिक कार्यदिशा र त्यसको ठोस योजना तयार पारियो । नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालले मार्गदर्शन गरेको संयुक्त जनआन्दोलनको कार्यनीति, उहाँको कार्यकालमा लागू गर्न नसकिए पनि भण्डारीको नेतृत्वमा त्यसले सफलता हासिल गऱ्यो । चौथो महाधिवेशनलगत्तै बसेको केन्द्रीय कमिटी बैठकले नेपाली कांग्रेस तथा अन्य वामपन्थी दलहरूसँग संयुक्त जनआन्दोलनका लागि कार्यगत एकताको प्रस्ताव अगाडि बढायो । निकै ठुलो छलफल र प्रयत्नपछि वाममोर्चा निर्माण र कांग्रेससँग सहकार्यको बाटो खुल्यो । सो आन्दोलनमा कांग्रेसलगायत अन्य वामपन्थी दलको महत्वपूर्ण भूमिका रहे पनि त्यसका प्रमुख डिजाइनर तत्कालीन माले र त्यसका प्रमुख नेता मदन भण्डारी नै रहेको यथार्थलाई विभिन्न घटनाक्रम र तथ्यका आधारमा पुष्टि गर्न सकिन्छ ।

सो आन्दोलनका अनेक उतारचढावमा त्यसलाई सही दिशामा अघि बढाउँदै बहुदलीय व्यवस्था घोषणा, अन्तरिम सरकार गठन, संविधान निर्माण र ०४८ सालको निर्वाचनको तहसम्म पुऱ्याउन कांग्रेसलगायत तमाम पार्टी र नेताहरूको ठुलो योगदान रहेसँगै भण्डारीको भूमिका प्रत्यक्ष र परोक्ष रूपमा सबैभन्दा उच्च छ । संविधान निर्माणका क्रममा उत्पन्न समस्यालाई सही किसिमले हल गर्न भण्डारीको अगुवाइमा तत्कालीन संविधानबारे २७ बुँदे असहमतिसहित आलोचनात्मक समर्थन गर्ने नीति अपनाइयो । त्यसवेलाको राजनीतिक शक्ति सन्तुलनको परिस्थितिमा त्यो नीति अत्यन्त सही र समयसापेक्ष थियो । पछि ०६२/६३ को दोस्रो जनआन्दोलनको समयमा त्यसवेलाको २७ बुँदे प्रस्तावले सफलता प्राप्त गऱ्यो ।

०४८ को संसदीय निर्वाचनमा भण्डारीले तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गरी राजधानीका दुई स्थानबाट सानदार जनमतसहित विजय हासिल गर्नुभयो । त्यसवेला एमाले अधिकांश सिनियर नेतासहित देशभरका हरेक निर्वाचन क्षेत्रमा कांग्रेससँगको निकट प्रतिस्पर्धाका आधारमा सशक्त प्रमुख प्रतिपक्षी पार्टी बन्न सफल भयो । त्यसवेला अमेरिकाबाट प्रकाशित हुने महत्वपूर्ण पत्रिका न्युज विकले 'कार्लमार्क्स लिभ इन नेपाल' भनेर प्रमुख महत्वसाथ समाचार प्रकाशित गऱ्यो । देश–विदेशका तमाम सञ्चारमाध्यममा नेपाली राजनीतिको बढ्दो वामपन्थी प्रभावले ठुलो महत्व पायो ।

निर्वाचनपश्चात् त्यसवेला कलकत्तामा भएको कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय सेमिनारमा मदनद्वारा गरिएको सम्बोधन तथा उपस्थित विभिन्न देशका प्रतिनिधिसँगको छलफलका क्रममा उहाँ सबैभन्दा आकर्षक व्यक्तित्वका रूपमा स्थापित हुनुभयो । सो सेमिनारमा उहाँले जनवादी चरणमा मात्र होइन, यसपछिको समाजवादी चरणमा समेत लोकतान्त्रिक प्रणालीका आधारमा अघि बढ्नुपर्ने दृष्टिकोण प्रस्तुत गर्नुभयो ।

पहिलो र दोस्रो विश्वयुद्धको अवधिमा संसारका अधिकांश कम्युनिस्ट पार्टीले शस्त्रबलका आधारमा प्रतिक्रियावादी शक्तिलाई पराजित गरेर कम्युनिस्ट पार्टीको एकल सरकार सञ्चालन गर्ने, त्यसलाई सर्वहारा वर्ग अथवा जनताको जनवादी अधिनायकत्वका रूपमा शासन चलाउने र भिन्न विचारलाई प्रतिक्रियावादीका रूपमा हेर्नेजस्ता तमाम मान्यताको विकल्पमा नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका रूपमा जनताको बहुदलीय जनवादी मान्यताको विकास भएको थियो । 'हाम्रो सिद्धान्त कुनै जडसूत्र होइन, बरू कामका लागि मार्गदर्शन हो,' भन्ने स्वयं मार्क्स–एंगेल्सको भनाइअनुसार परिवर्तित विश्व परिस्थिति र नेपाली ठोस विशेषतामा आधारित भएर भण्डारीले जबजको नवीन मान्यता अघि सार्नुभएको थियो ।

मार्क्सवादका केही आधारभूत मान्यतामा दृढतापूर्वक उभिँदै समय र परिस्थितिको सापेक्षताअनुसार नीति, विचार र आफ्ना तमाम व्यावहारिक विषयमा नयाँ परिमार्जन र विकास गर्न सकिएन भने त्यो आस्थाका आधारमा माला जप्ने सिद्धान्त मात्र साबित हुन्छ, तर त्यसले जनताको जीवन परिवर्तन गर्न सक्तैन । त्यसैले, भण्डारीले 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त' भन्नेमा जोड दिनुभयो ।

त्यसवेला, एमालेको आन्तरिक जीवनमा मात्र होइन, सार्वजनिक रूपमै गम्भीर बहस र विचार–विमर्शपछि विभिन्न वैचारिक विषयवस्तु र मूल्य–मान्यतालाई एकीकृत गर्दै त्यसलाई 'जनताको बहुदलीय जनवाद' नामकरण गरिएको थियो । त्यसको सार पक्ष भनेको नेपाली समाजको क्रान्तिकारी परिवर्तन थियो भने सो परिवर्तन मूलतः शान्तिपूर्ण संघर्ष र लोकतान्त्रिक प्रणालीका आधारमा सम्पन्न गर्ने मान्यता थियो । त्यसअन्तर्गत केवल कार्यक्रमिक विषयवस्तु मात्र नभई कतिपय नीति, विचार, पार्टी निर्माण तथा तमाम मूल्य–मान्यता अघि सारिएका थिए ।

नेपाली समाजलाई जनताको जनवादी चरण हुँदै समाजवाद र साम्यवादको लक्ष्यमा पुऱ्याउन बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, कानुनको शासन, संविधानको सर्वोच्चता, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुमतप्राप्त दल सत्तापक्ष र अल्पमतको प्रतिपक्ष, जनताको राज्यसत्ता, राष्ट्रिय हितलाई ध्यानमा राख्दै बाह्य पुँजी र प्रविधिको उपयोग, समानतापूर्ण र न्यायपूर्ण समाजवादी चरणमा पुग्नका लागि त्यसको आधारका रूपमा जनताको बहुदलीय व्यवस्था स्थापना, जनवादी व्यवस्थामा पर्याप्त उत्पादक शक्तिको विकासका लागि पहिलो उपचरणमा सामन्तवादका अवशेषको अन्त्य, दोस्रोमा जनवादी व्यवस्थाको सुदृढीकरण र तेस्रोमा, समाजवादमा संक्रमणका तीन उपचरणको चर्चा गरिएको छ ।

जनवादी चरणमा सार्वजनिक, सहकारी र निजी स्वामित्वमा आधारित तीनखम्बे अर्थतन्त्रको नीति तथा नेपालको अर्थतन्त्रलाई नोकरशाही पुँजीवादको नियन्त्रणबाट मुक्त गरी राष्ट्रिय पुँजीको विकास, सामन्ती भू–स्वामित्वको सम्पूर्ण रूपमा अत्य गर्दै आधुनिक र वैज्ञानिक कृषि प्रणालीको विकास, शिक्षा–स्वास्थ्यलगायत तमाम क्षेत्रमा आमजनताका आवश्यकतालाई प्राथमिकतामा राखेर नयाँ नीति र योजना बनाउने विषय समेटिएका छन् ।

जनवादी चरणमा गरिने उपर्युक्त तमाम विषय समाजवादको बलियो आधार निर्माण गर्ने आवश्यक मात्र होइनन्, अनिवार्य विषय हुन् । यसरी प्राप्त गर्ने समाजवाद समानतामा आधारित समृद्ध, सुखी र लोकतान्त्रिक हुनुपर्ने जबजको महत्वपूर्ण मान्यता हो । भण्डारीले राज्यसत्ताको लोकतान्त्रीकरणसँगै पार्टीको लोकतान्त्रीकरणमा पनि उत्तिकै जोड दिनुभएको थियो । पार्टी सञ्चालनका सन्दर्भमा सामूहिक नेतृत्व, सामूहिक बुद्धि र सामूहिक प्रयत्नलाई अनिवार्य बनाइएको छ भने पार्टीमा भिन्न मतप्रतिको सहिष्णुता र सम्मानसँगै बहुमतको निर्णय कार्यान्वयन गर्नुपर्ने, जनवादमा आधारित केन्द्रीयता, पार्टीमा निर्बाध रूपमा आफ्ना विचार प्रस्तुत गर्ने स्वतन्त्रताबारे स्पष्ट पारिएको छ । पार्टीमा एकल र व्यक्तिवादी नेतृत्व, आत्मप्रशंसा, गुटगत क्रियाकलाप, अनैतिकता, भ्रष्ट आचरणजस्ता तमाम गलत चिन्तन र प्रवृत्ति हटाउन निरन्तर अन्तरपार्टी संघर्ष सञ्चालन गर्ने विषयमा भण्डारीको जोड रहेको थियो ।

भण्डारी सच्चा मार्क्सवादी नेतासँगै लोकतान्त्रिक मूल्य–मान्यताप्रति प्रतिबद्ध तथा सच्चा देशभक्त, देश र जनताप्रति इमानदार व्यक्ति हुनुहुन्थ्यो । सिद्धान्त र व्यवहारबिचको तालमेल, पार्टीको विचारअनुकूलको आचरण तथा कार्यशैली र राजनीतिलाई जनताको सेवा ठान्ने सच्चा जनवादी नेता मुलुकले पाएको थियो । नेपाली कम्युनिस्ट आन्दोलनमा एकातिर मार्क्सवादलाई जडसूत्रका रूपमा कार्यान्वयन गर्न खोज्ने प्रवृत्ति र अर्कातिर त्यसको सिर्जनात्मक प्रयोगको बहानामा मार्क्सवादका आधारभूत वैज्ञानिक सच्चाइलाई त्याग्दै पुँजीवादी नवउदारवादको पिछलग्गु बन्दै जाने चिन्तन र प्रवृत्तिविरूद्ध उहाँ निरन्तर संघर्षरत रहनुभयो । उहाँले पार्टीमा आफ्नो निहित स्वार्थका लागि निजी मान्छेको कोटरी बनाउने प्रवृत्तिको विरोध गर्दै पार्टीका हरेक नेता र कार्यकर्तालाई उनीहरूको गुण र दोषका आधारमा आपसी निकटता र दूरी कायम गर्दै योग्य, सक्षम र इमानदार व्यक्तिलाई प्रेरित र प्रोत्साहित गर्ने परिपाटीमाथि जोड दिनुभयो ।

मुलुकमा बहुदलीय व्यवस्था स्थापनापछि पार्टीका नेता तथा कार्यकर्ता स्थानीय तहदेखि केन्द्रसम्म राज्यका विभिन्न तहमा रहेर काम गर्ने अनुकूल अवसर प्राप्त भयो । बदलिएको नयाँ परिस्थितिमा कतिपय व्यक्तिहरु निजी स्वार्थ र लोभबाट मुक्त भएर काम गर्ने हुन् या होइनन् भन्ने प्रश्न उठेका वेला उहाँले हाम्रो वास्तविक परीक्षा त अब सुरू हुन्छ भन्दै विगतमा जस्तै आगामी दिनमा पनि स्वार्थ त्यागको भावनाका आधारमा अघि बढ्न प्रेरित गर्नुहुन्थ्यो ।

नेपाली जनताले कम्युनिस्टलाई पटक–पटक सत्तामा पुग्ने अवसर दिए । विभिन्न समयमा महत्वपूर्ण काम पनि भए, तर नेतृत्वमा रहेका केही सीमित व्यक्तिको चरम गुटबन्दीपूर्ण क्रियाकलाप र आत्मकेन्द्रित चिन्तन र प्रवृत्तिका कारण अन्तिम अवस्थामा आइपुग्दा पार्टीले गम्भीर धक्का खानुपर्ने अवस्था उत्पन्न भयो ।

यसपटकको असफलता भनेको मदन भण्डारीको विचार तथा मूल्य-मान्यता, कम्युनिस्ट विचारधारा र जनताको बहुदलीय जनवादको असफलता नभई मूलतः त्यसलाई ठिक किसिमले व्यवहारमा कार्यान्वयन गर्न नसक्ने र गुटगत संकीर्णता तथा आत्मकेन्द्रित चिन्तनबाट ग्रस्त नेतृत्वका कमजोरीको समग्र परिणाम हो । यसपटकको यो धक्का एउटा दुःखद घटना भए पनि यसबाट गम्भीर शिक्षा लिन सकियो भने मदन भण्डारीको सपना अवश्य साकार हुनेछ । जननेता मदन भण्डारी र जीवराज 'आश्रित'प्रति हार्दिक श्रद्धाञ्जली ! - *नयाँ पत्रिका*

# बजेटले देखाउनुपर्ने बाटो

**भोजराज पौडेल**

१५ जेठमा अर्थमन्त्री स्वर्णिम वाग्लेले संघीय संसद्मा आर्थिक वर्ष २०८३/८४ का लागि बजेट भाषण गर्नेछन् । अर्थमन्त्रीले पेस गर्ने राजस्व र व्ययको अनुमानले मुलुकको आगामी आर्थिक दिशा निर्धारण गर्ने र त्यो सकारात्मक हुने ठूलो जनअपेक्षा छ । यो अपेक्षालाई सम्बोधन गर्नका लागि सरकारले कस्तो बजेट ल्याउला भन्ने प्रश्नका बीच हामीले मुलुकको आर्थिक इतिहास र भविष्यको बाटो सम्झनुपर्ने हुन्छ । यो आलेखमा मैले मुलुकको वर्तमान आर्थिक अवस्था, विद्यमान आर्थिक जटिलता, इतिहासमा हामी आर्थिक रूपमा पछाडि पर्नुको कारण र अझै पनि भविष्यप्रतिको आशामा सुनिश्चित हुन किन असहज महसुस गरिरहेका छौं भन्नेबारे चर्चा गर्नेछु ।

नेपालमा बजेटको बहस प्रायः अंकमा सीमित हुन्छ । राजस्व कति उठ्छ, खर्च कति बढ्छ, घाटा कति रहनेछ, सार्वजनिक ऋणको अनुपात कता पुग्छ लगायतका सूचकहरू पनि महत्त्वपूर्ण हुन् । तर अर्थतन्त्रलाई चलायमान बनाउने निर्णायक प्रश्न अर्कै हो । त्यो भनेको बजेटले कुन व्यवहारलाई प्रोत्साहन गर्छ एवं कसलाई फाइदा दिन्छ र कुन व्यवहार एवं केलाई महँगो बनाउँछ ? किनकि दीर्घकालीन आर्थिक समृद्धि सार्वजनिक खर्च बढाएर आउने होइन । त्यसका लागि उत्पादकत्व बढाउनुपर्ने हुन्छ । उत्पादकत्व बढाउन संस्थागत सुधार गरेर निजी लगानीकर्ताको आशा र अपेक्षालाई स्थिर बनाउने नीति अवलम्बन गर्नुपर्छ । नीति-विश्वसनीयता, प्रतिस्पर्धाका लागि निष्पक्ष मैदान र मानव पुँजीमा लगातार लगानीबाट मात्र हामीले उत्पादकत्व बढ्ने आशा गर्न सक्छौं । हाम्रो अर्थतन्त्रको समस्या केवल आर्थिक स्रोत कम हुनु होइन । यहाँको मूल समस्या भनेको आर्थिक स्रोत र श्रम कुन दिशातिर बगिरहेको छ र किन खेर गइरहेको छ भन्ने पनि हो ।

दीर्घकालीन आर्थिक समृद्धि सार्वजनिक खर्च बढाएर आउने होइन । त्यसका लागि उत्पादकत्व बढाउनुपर्ने हुन्छ । नियमहरू अस्पष्ट, प्रक्रिया ढिलो, निर्णयहरू व्यक्तिनिर्भर भए भने पहुँच र सेटिङले खुला प्रतिस्पर्धाको ठाउँ लिन्छ । धेरैजसो हकमा आजका दिनसम्म त्यही नै भइरहेको छ । मुलुकको पुँजी उत्पादनशील उद्योगतर्फ होइन, छिटो नाफा र कम जोखिम देखिने तर दीर्घकालीन रूपमा कम उत्पादक क्षेत्रतर्फ डोरिइरहेको छ । स्रोतको यही गलत बाँडफाँट र उपभोगले औपचारिक रोजगारी बढ्न नदिने, उत्पादन तथा निर्यात कमजोर बनाउने र करको आधार साँघुरो बनाउने चक्रलाई बलियो बनाइरहेको छ ।

यो चक्रलाई बुझ्न जर्मन इतिहासकार वेर्नर सोमबार्ट (१८६३-१९४१) ले अगाडि सारेको र बीसौं शताब्दीका प्रसिद्ध अर्थशास्त्री जोसेफ शुम्पेटरले लोकप्रिय बनाएको 'सिर्जनात्मक विनाश' को अवधारणा उपयोगी हुन्छ । शुम्पेटरले आफ्नो 'म्याग्नम ओपस', 'पुँजीवाद, समाजवाद र लोकतन्त्र (१९४२)' मा पुँजीवादी विकासलाई स्थिर सन्तुलन होइन, निरन्तर रूपान्तरणको प्रक्रिया मानेका छन् । जहाँ नयाँ प्रविधि, नयाँ संस्था तथा संगठन, र नयाँ बजारले पुरानालाई विस्थापित गर्छन् । उनका अनुसार अर्थतन्त्रको वास्तविक प्रगति साना सुधार मात्र गरेर होइन, उद्योग र प्रविधिको 'लहर' बाट हुन्छ, जसले पुराना संरचना भत्काउँदै नयाँ संरचना निर्माण गर्छ । यसले दुईवटा कुरा एकसाथ भन्छ । पहिलो, परिवर्तन अपरिहार्य छ र दोस्रो परिवर्तनको मूल्य छ । उत्पादकत्व बढाउनका लागि हामीले नयाँ उद्यम, नयाँ सीप र नयाँ प्रतिस्पर्धाको वातावरणलाई जन्म दिनुपर्छ । यसरी नयाँलाई ठाउँ दिँदा वा जन्म दिँदा पुराना उद्योग खुम्चिन सक्छन्, कुनै सीप अप्रासंगिक हुन सक्छ वा कुनै समूहलाई अल्पकालीन आर्थिक चोट तथा घाटा पर्न सक्छ । त्यसैले राज्यको काम केवल नयाँलाई प्रोत्साहन गर्नु मात्र होइन । परिवर्तनको यो चोट तथा मूल्यलाई सामाजिक रूपमा सह्य हुने गरी अवसर र सुरक्षा दुवैलाई सँगसँगै विस्तार गर्नुपर्छ ।

शुम्पेटरको सिद्धान्तलाई आजको दिनको नेपाली बजेट बहसलाई रोचक बनाउने अर्को प्रसंग पनि छ र उनको आफ्नै जीवनबाट आउँछ । पहिलो विश्वयुद्धपश्चात् सन् १९१९ मा शुम्पेटर युरोपेली मुलुक अस्ट्रियाका अर्थमन्त्री बने । त्यो बेला अस्ट्रिया आर्थिक, राजनीतिक र सामाजिक उथलपुथलको बीचमा थियो । तत्कालीन अवस्थाको अस्ट्रियामा राजस्व घटेको, मुद्रास्फीति चर्किएको, अन्तर्राष्ट्रिय दायित्वको दबाब बढेको र आमनागरिकको अपेक्षा तत्कालीन राहततर्फ केन्द्रित भएको थियो । दुर्भाग्य, शुम्पेटर जति ठूलो अर्थशास्त्री र सिद्धान्तकार भए पनि अर्थमन्त्रीका रूपमा धेरै टिक्न सकेनन् । नियुक्त भएको आठ महिनामा अर्थात् अक्टोबर १९१९ मा राजनीतिक □वीकरण, वैचारिक द्वन्द्व र यही बीचमा ठूलो आर्थिक अपचलनको काण्डका कारण उनी पदमुक्त भए । यो घटनाको सार 'उनी सफल भए वा भएनन्' भन्नेभन्दा गहिरो छ । यसले के देखाउँछ भने सही सिद्धान्त र ज्ञान मात्र पर्याप्त हुँदैन (यहाँनेर जोड्नुपर्ने प्रसंग अर्को पनि छ । शुम्पेटर सन् १९३२ मा अमेरिका छिरे र त्यसपश्चात्को समय हार्वर्ड विश्वविद्यालयमा प्राध्यापन गरेर जीवन बिताए) । कार्यान्वयन क्षमता, संस्थागत अनुशासन र राजनीतिक सहमतिबिना बजेटका उत्तम बुँदा पनि व्यवहारमा ठोक्किनन् । विद्यमान अवस्था र भविष्यलाई लिएर हाम्रो असहजता पनि धेरै हदसम्म यहीं छ । ऐतिहासिक रूपमा विगत ७५ वर्षदेखि बजेट घोषणा र कार्यान्वयनबीचको दूरी छ । बजेटमा कार्यक्रम लेखिन्छ तर समयमा ठेक्का लाग्दैन । काम सुरू हुन्छ तर गुणस्तर र समयसीमा सुनिश्चित हुँदैन । खर्च हुन्छ तर उत्पादनशीलता बढेको अनुभूति नागरिकले पाउँदैनन् ।

शुम्पेटरले उद्यमीलाई आर्थिक परिवर्तनको केन्द्रमा राखेका छन् । उनले व्यवस्थापक (चलिरहेको प्रणालीलाई सञ्चालन गर्ने) र उद्यमी (नयाँ संयोजन ल्याएर प्रणाली बदल्ने) बीच फरक छुट्याए । नवप्रवर्तनका रूपहरू भनेका नयाँ वस्तु तथा सेवा, नयाँ बजार, नयाँ उत्पादन विधि, नयाँ स्रोत वा उद्योग संगठनको नयाँ स्वरूप हुन् । यिनैबाट उत्पादकत्वमा छलाङ सम्भव हुने हो । तर उद्यमशीलता बजेटका नारा वा कार्यशालात्मक प्रशिक्षणले मात्रै जन्मिँदैन । यसको पहिलो सर्त भनेको व्यवसाय प्रवेश लागत घट्नु हो । नेपालमा व्यवसाय दर्ता, कर, अनुमति तथा नवीकरण, भन्सार, बैंकिङ कर्जा, भुक्तानी ढिलाइ र सम्झौता नवीकरणमा अनिश्चितता र खर्च उच्च हुँदा उद्यमीको जोखिम र प्रतिफलको अंकगणित बिग्रिन्छ । यही कारण धेरै सम्भावित उद्यमीहरू 'आइडिया' मै रोकिन्छन् । वा उत्पादनभन्दा पनि व्यापार गर्ने वा बिचौलिया बन्नेतिर जान बाध्य हुन्छन् । बजेटले उद्यमशीलता बढाउन चाहन्छ भने कर छुटका घोषणा मात्र गरेर पुग्दैन । प्रक्रिया छोट्याउने, नियमलाई समय सीमित बनाउने र नियामक निकायको निर्णयलाई अडिटयोग्य बनाउने गरी सुधार गर्नुपर्छ ।

यसैसँग जोडिएको अर्को निर्णायक पक्ष प्रतिस्पर्धा हो । प्रतिस्पर्धा केवल परम्परागत 'मूल्य घटाउने खेल' मात्रै होइन । नयाँ प्रविधि र नयाँ वस्तुले पुराना उद्योगलाई विस्थापित गर्ने गतिशील प्रतिस्पर्धा अर्थपूर्ण हुन्छ । नवप्रवर्तकले केही समय असाधारण नाफा कमाउने सम्भावना हुन्छ । किनकि जोखिम लिन प्रोत्साहन चाहिन्छ । तर त्यो अस्थायी लाभ फेरि निरन्तरको कार्टेल, सिन्डिकेट वा नियमन कब्जामार्फत स्थायी भाडामा परिणत हुन नदिन प्रतिस्पर्धा नीति बलियो हुनुपर्छ । मुलुकमा अहिले सबैजसो क्षेत्रमा सिन्डिकेट, कार्टेल, सेटिङ र लाइसेन्स राज भन्ने भाषा सामान्य छ । यसले गर्ने संकेत के हो भने यहाँ प्रतिस्पर्धाको मैदान कमजोर छ । यस्तो अवस्थामा बजेटले उद्योगलाई राहत दिन्छु भनेर छुट वा सुविधा बाँड्नु मात्रै पर्याप्त हुँदैन । ती सुविधा प्रतिस्पर्धा बढाउने र नयाँ प्रवेशलाई सजिलो बनाउने दिशामा डिजाइन भएनन् भने सीमित समूहको नाफा मात्र सुरक्षित हुन्छ र समग्र उत्पादकत्व बढ्दैन ।

राज्यको विश्वसनीयता निर्माण हुने सबैभन्दा संवेदनशील क्षेत्र सार्वजनिक खरिद र परियोजना व्यवस्थापन हो । पुँजीगत खर्च बढेको समाचार राम्रो लाग्छ तर नागरिकले अनुभूति गर्ने कुरा फरक हुन्छ । नागरिकले सोध्ने प्रश्न भनेको- सडक समयमै बन्यो कि बनेन, गुणस्तर कस्तो छ, यातायात लागत घट्यो कि घटेन, उद्योगले बिजुली र लजिस्टिक्समा भरोसा गर्न सक्छ कि सक्दैन लगायत हो । अहिलेसम्मको अवस्था भनेको परियोजना छनोट राजनीतिसँग जोडिएको हुन्छ, परियोजना तयारी कमजोर हुन्छ, बोलपत्र प्रतिस्पर्धा सीमित हुन्छ र कामको गुणस्तर वा समयसीमामा तलमाथि भएमा दण्ड तथा जरिवाना निश्चित छैन । यसले लागत बढ्छ, ढिलाइ हुन्छ र अन्ततः लगानीको सामाजिक प्रतिफल घट्छ । बजेटले यदि 'उत्पादनशील' विकास चाहन्छ भने सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र नतिजा-केन्द्रित बनाउनुपर्छ । कामका माइलस्टोन अनुसार भुक्तानी, सार्वजनिक रूपमा ट्र्याक गर्न मिल्ने डाटा र दोषी ठेकेदार तथा अधिकारीलाई दण्ड तथा जरिवानाको सुनिश्चितता गर्ने प्रणालीको विकासमा बजेटले ध्यान दिनुपर्छ । यसमा सुधार भएन भने बजेटले अर्थतन्त्रका संरचनागत समस्या हल गर्नमा योगदान गर्न सक्दैन । फगत अर्को नयाँ आर्थिक वर्षको कर्मकाण्ड मात्र पूरा हुनेछ ।

डिजिटल शासनको विषय पनि यस्तै हो । डिजिटाइजेसन कुनै जादु होइन । यो केवल राज्य र नागरिक एवं राज्य र व्यवसायबीचको सम्बन्धको लेनदेन लागत घटाउने उपकरण हो । कर प्रशासन, कम्पनी दर्ता, अनुमति, सार्वजनिक सेवा र खरिद प्रणाली डिजिटल ट्र्याकिङसहित समय सीमित र अडिटयोग्य बने भने निर्णयमा हुने मनपरी, घूस र ढिलाइ घट्छ । तर डिजिटल प्रणाली यदि अपारदर्शी ठेक्कामार्फत सीमित विक्रेतामाथिको निर्भरता सिर्जना गरेर वा डाटा शासन कमजोर राखेर बनाइयो भने पुरानो भाडा खाने व्यवहार नयाँ प्रविधिमा सरेर अझै छिप्पिन सक्छ । त्यसैले बजेटले 'डिजिटल सेवा' सँगै 'डिजिटल जवाफदेहिता' लाई पनि प्राथमिकता दिनुपर्छ । खुला मापदण्ड, सार्वजनिक ड्यासबोर्ड, उजुरीमा परेको समस्याको समाधान र त्यसको समयसीमा र निर्णय प्रक्रियाको अडिट ट्रेलमा आम नागरिकको पहुँच हुनुपर्छ ।

अब 'गरिब किन तलै रहिरहन्छन् ?' भन्ने प्रश्नमा सिर्जनात्मक विनाशको सामाजिक पक्ष जोडिन्छ । अवसर खुल्दा पनि अवसर समात्ने क्षमता सबैसँग बराबर हुँदैन । गुणस्तरीय शिक्षा, स्वास्थ्य, पोषण, डिजिटल पहुँच, भाषा/सञ्चार, नेटवर्क र जोखिम धान्ने क्षमता गरिबसँग कम हुन्छन् । यी सबै असमान रूपले वितरित हुन्छन् । कमजोर परिवारका लागि आजको आम्दानी आजैको अस्तित्वसँग जोडिएको हुन्छ । त्यसैले उनीहरु दीर्घकालीन सीप-लगानी, उद्यम जोखिम वा स्थानान्तरणजस्ता निर्णय लिन कठिन अवस्थामा हुन्छन् । जब श्रम बजार अनौपचारिक हुन्छ र सामाजिक सुरक्षा कमजोर हुन्छ, तब जोखिम व्यक्ति र परिवारमै थोपरिन्छ । यसले गरिबलाई 'जोखिम नलिने' होइन 'जोखिम लिन नसक्ने' अवस्थामा पुऱ्याउँछ । त्यसैले बजेटले नवप्रवर्तन र प्रतिस्पर्धाको चर्चा गर्दा सामाजिक सुरक्षा र मानव पुँजीलाई केन्द्रमा नराखे असमानता बढ्छ, असन्तोष बढ्छ र अन्ततः सुधारको राजनीतिक आधार कमजोर हुन्छ ।

बजेटको सौन्दर्य भाषणमा होइन, विश्वासयोग्य कार्यान्वयनमा हुन्छ ।यही कारण सामाजिक सुरक्षालाई केवल दया वा खर्चका रूपमा बुझ्नु पर्याप्त छैन । यो रूपान्तरणलाई सामाजिक रूपमा सम्भव बनाउने आर्थिक पूर्वाधार हो । आधारभूत स्वास्थ्य सुरक्षा, बालबालिकाको पोषण, गुणस्तरीय शिक्षा, लक्षित छात्रवृत्ति, पुनः सीप र रोजगार-मिलान प्रणाली र संकटको समयमा न्यूनतम आय संरक्षणलगायतले मानिसलाई जोखिम लिन सक्षम बनाउँछन् । जब एक पटकको विफलता नै पूर्ण पतनको कारण बन्छ, तब उद्यमी जन्मिँदैन । जब सीप बदल्दाको खाली समय धान्न नसकिने हुन्छ, तब श्रम स्थानान्तरण हुँदैन । सिर्जनात्मक विनाशको 'सिर्जनात्मक' पक्ष चलाउन सामाजिक सुरक्षाले 'विनाश' पक्षको तीव्रता कम गर्नुपर्छ । बजेटको मानवीय र आर्थिक दुवै परीक्षा यहींनेर हुन्छ । कति कार्यक्रम आएभन्दा पनि कति जनाको जीवनमा जोखिम घट्यो र अवसर बढ्यो भन्ने प्रश्न प्रमुख हो ।

युवा पलायन र निराशाको बहस पनि अन्ततः उत्पादकत्व र विश्वाससँग जोडिन्छ । 'देशमै रोजगारी' नारा पर्याप्त छैन । रोजगारीको गुणस्तर, करियरको बाटो र श्रमिकको सम्मान चाहिन्छ । आईटी, ऊर्जा, पर्यटन, कृषि मूल्य-शृंखला र हल्का उत्पादनमा सम्भावना छ । तर सम्भावनालाई रोजगारीमा बदल्न विश्वसनीय ऊर्जा, लजिस्टिक्स, भन्सार प्रक्रियाको पूर्वानुमान, अन्तर्राष्ट्रिय भुक्तानीका लागि डिजिटल संरचना र उद्योगसँग जोडिएको सीप प्रणाली चाहिन्छ । विभिन्न सार्वजनिक निकाय तथा विभागले आयोजना गर्ने तालिम कार्यक्रमहरूको संख्या धेरै भए पनि नतिजा कमजोर हुन सक्छ । बजेटले रोजगारी, उत्पादकत्व, निर्यात र उद्यमलाई केन्द्रमा राखेर सार्वजनिक खर्चको प्रभावकारिता मापन गर्ने बाटो निर्दिष्ट गर्न सक्नुपर्छ ।

बजेटले प्रतिस्पर्धा सुनिश्चित गर्ने, बजार प्रवेश सहज बनाउने, कार्टेल/सिन्डिकेट र सेटिङलाई महँगो बनाउने र सार्वजनिक खरिदलाई पारदर्शी बनाउने ठोस सुधार गऱ्यो कि गरेन भन्ने पहिलो प्रश्न हो । दोस्रो, बजेटले स्रोतको बाँडफाँट उत्पादनशीलतर्फ साऱ्यो कि सारेन ? ऊर्जा, लजिस्टिक्स, परियोजना गुणस्तर र निर्यातयोग्य क्षेत्रका अवरोध हटाउन कति विश्वसनीय कदम चाल्यो ? तेस्रो, बजेटले रूपान्तरणको जोखिम धान्ने मानव पक्षलाई कति प्राथमिकता दियो ? शिक्षा तथा स्वास्थ्यको गुणस्तर, सीप रूपान्तरण र सामाजिक सुरक्षा परिणाममा आधारित भयो कि भएन ? आउँदो बजेटलाई मूल्यांकन गर्ने सरल प्रश्नहरु यिनै हुन् ।

शुम्पेटर अस्ट्रियाको अर्थमन्त्री भएर निस्केपछिका झन्डै दुई दशकपश्चात् उनले आफूले सिकेका पाठलाई आफ्नो जीवनकृतिमार्फत सन् १९४२ मा बाहिर ल्याए । त्यो पाठबाट हामीले र हाम्रा अर्थमन्त्री तथा सरकारले धेरै पाठ सिक्न सक्छन् । बीसौं शताब्दीको त्यो घटना कथा मात्र होइन । यसले बहुआयामिक पाठ सिकाउँछ । तिनलाई हामीले आत्मसात् गर्नुपर्छ । बजेटको सौन्दर्य भाषणमा होइन, विश्वासयोग्य कार्यान्वयनमा हुन्छ । बजेटले यदि नियमको निष्पक्षता, प्रतिस्पर्धाको खुला मैदान, पारदर्शी राज्य र मानव पुँजी-केन्द्रित सामाजिक सुरक्षालाई एउटै सूत्रमा बाँध्न सक्यो भने नयाँ उद्यम जन्मिने, निजी लगानी बढ्ने र युवाले देशमै भविष्य देख्ने वातावरण बन्छ । तर बजेट फेरि अंक र नाराको चमकमा मात्र सीमित भयो, घोषणाको सूची बढ्यो र कार्यान्वयन पुरानै ढाँचामा अड्कियो भने अर्थतन्त्रले लय समात्न सक्दैन । बजेटले मुलुकलाई भविष्यको बाटो देखाओस् र अर्थतन्त्रले लय समातोस् । *- कान्तिपुर*

●●●

बजेटले स्रोतको बाँडफाँट उत्पादनशीलतर्फ साऱ्यो कि सारेन ? ऊर्जा, लजिस्टिक्स, परियोजना गुणस्तर र निर्यातयोग्य क्षेत्रका अवरोध हटाउन कति विश्वसनीय कदम चाल्यो ? तेस्रो, बजेटले रूपान्तरणको जोखिम धान्ने मानव पक्षलाई कति प्राथमिकता दियो ? शिक्षा तथा स्वास्थ्यको गुणस्तर, सीप रूपान्तरण र सामाजिक सुरक्षा परिणाममा आधारित भयो कि भएन ? आउँदो बजेटलाई मूल्यांकन गर्ने सरल प्रश्नहरू यिनै हुन् ।

●●●



# सरकारले लिएको ऋण तलब-भत्ता र ऋण तिर्नमै खर्च

काठमाडौं । सरकारले सार्वजनिक ऋण उठाएको रकम तलब-भत्ता खानदेखि ऋण तिर्नमै खर्च भएको देखिएको छ । दीर्घकालीन भार पर्ने गरी उठाइएको ऋण पुँजी निर्माणमा खर्च गर्नुपर्नेमा चालू शीर्षकमा खर्च गरिएको महालेखा कार्यालयको पछिल्लो प्रतिवेदनले देखाएको हो ।

महालेखाले सार्वजनिक ऋण पुँजी निर्माण तथा रोजगारी सिर्जनामा मात्रै उपयोग गरिनुपर्नेमा अन्य ठाउँमा खर्च भएको भन्दै औँल्याएको हो । महालेखाका अनुसार अघिल्लो आव ०८१/८२ मा सार्वजनिक ऋणबाट उठाइएको रकम कर्मचारीसम्बन्धी खर्च, सेवा तथा परामर्श र कार्यालय सञ्चालनजस्ता चालू शीर्षकमा खर्च भएको देखिएको हो । त्यसलाई रोक्नुपर्ने महालेखाले औँल्याएको छ ।

महालेखाको तथ्यांकअनुसार गत आवमा कुल प्राप्त ऋणको ३५.३ प्रतिशत रकम चालू प्रकृतिका कार्यमा खर्च गरिएको छ । ऋणबाट उठेको कुल तीन खर्ब ८१ अर्ब एक करोड रकममध्ये एक खर्ब ३४ अर्ब ४८ करोड रूपैयाँ चालू तथा प्रशासनिक कार्यमा खर्च गरिएको छ ।

आव ०८१/८२ को कुल खर्च १५ खर्ब १३ अर्ब २५ करोडमध्ये आन्तरिक राजस्वबाट ७३.०२ प्रतिशत अर्थात् ११ खर्ब चार अर्ब ९५ करोड खर्च भएको थियो । त्यस्तै, आन्तरिक ऋणबाट १६.७८ प्रतिशत अर्थात् दुई खर्ब ५३ अर्ब ९२ करोड, वैदेशिक ऋणबाट ८.४१ प्रतिशत अर्थात् एक खर्ब २७ अर्ब २६ करोड र अनुदानबाट १.७९ प्रतिशत अर्थात् २७ अर्ब १८ करोड व्यहोरिएको तथ्यांक छ ।

महालेखाका अनुसार आन्तरिक राजस्वबाट सात खर्ब ८७ अर्ब १७ करोड ६७ लाख चालू र १८ अर्ब २९ करोड १७ लाख पुँजीगत खर्च भएको छ । त्यस्तै, आन्तरिक ऋणबाट एक खर्ब ३१ अर्ब ३९ करोड ४० लाख चालू खर्च भएको छ । बाह्य ऋणबाट ७७ अर्ब २१ करोड ४१ लाख पुँजीगत खर्च व्यहोरेको देखिन्छ । चालू खर्चमा बाह्य ऋणको अंश २.४३ प्रतिशत र पुँजीगत खर्चमा ३४.४७ प्रतिशत रहेको महालेखाको तथ्यांक छ । महालेखाले भनेको छ, 'दीर्घकालीन पुँजी निर्माण गर्ने उच्च प्रतिफल दिने, पूर्वाधार तथा उत्पादनशील क्षेत्र तथा रोजगारी सिर्जना गर्ने आयोजना तथा कार्यक्रममा मात्र सार्वजनिक ऋणको उपयोग गर्ने स्पष्ट मापदण्ड निर्धारण गरी सोअनुरूपमा कार्यान्वयन गर्नुपर्छ ।'

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार सरकारलाई आगामी आवका लागि आन्तरिक ऋण उठाउने सीमा सिफारिस गर्दै ऋणको परिचालन चालू र प्रशासनिक खर्चमा नगर्न सुझाएको छ ।

वित्त आयोगले आन्तरिक ऋण परिचालनका लागि सरकारलाई आठ सुझावसमेत दिएको छ । आयोगले प्रतिफल दिने आयोजना तथा कार्यक्रममा मात्रै आन्तरिक ऋण परिचालन गर्न सुझाव दिएको छ । त्यस्तै, ब्याजदर न्यून भएका वेला ऋण उठाउन तथा ऋणको रकम चालू र प्रशासनिक कार्यमा खर्च गर्न कडाइ गर्नसमेत आयोगले सुझाएको छ । आयोगले आयोजनाहरूको लागत लाभ विश्लेषण गरी प्रचलित पुँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्न सरकारलाई सुझाव दिएको छ । आयोगले 'आन्तरिक ऋण परिचालनलाई भविष्यको राजस्व वर्तमानमा खर्च गरेसरह मानिने' भन्दै आन्तरिक आम्दानीबाट आन्तरिक ऋणको सावाँ-ब्याज भुक्तानी गर्न सकिने अवस्थामा पुग्न सिफारिस भएको सीमाअनुसार मात्रै ऋण परिचालन गर्नसमेत सुझाव दिएको छ ।

साउथ एसिया वाच अन ट्रेड, इकोनोमी एन्ड इन्भायरोमेन्ट (सावती)का कार्यकारी निर्देशक पारस खरेलले सार्वजनिक ऋणलाई चालू प्रकृतिका कार्यमा मात्रै खर्च गरिँदा त्यसले दीर्घकालमा अझ बढी असर गर्ने बताए । ऋण लिएर विकासका कार्यमा खर्च गर्दाचाहिँ पुँजी निर्माण हुने, आर्थिक गतिविधि बढेर राजस्वको दायर बढ्ने र ऋण तिर्न सक्ने क्षमतासमेत विस्तार हुने उनले बताए । तर, ऋण लिएर तलब-भत्तामै सक्ने हो भनेचाहिँ भोलिका दिनमा ऋण तिर्नसमेत नसक्ने अवस्था आउन सक्ने उनले औँल्याए ।

नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण पौने ३० खर्ब पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्ममा सरकारले भुक्तान गर्न बाँकी सार्वजनिक ऋण २९ खर्ब ७५ अर्ब चार करोड रूपैयाँबराबर पुगेको हो । यो कुल गार्हस्थ्य उत्पादनको ४५.०८ प्रतिशतबराबर हो । कार्यालयका अनुसार गत असार मसान्तसम्ममा तिर्न बाँकी ऋण २६ खर्ब ७४ अर्ब चार करोड रूपैयाँ रहेको थियो । चालू आवको १० महिनामा तीन खर्ब ९९ करोड रूपैयाँ ऋण थपिएको हो । अब नेपालले तिर्न बाँकी आन्तरिक ऋण १३ खर्ब ८१ अर्ब २२ करोड र बाह्य ऋण १५ खर्ब ९३ अर्ब ८१ करोड रूपैयाँ पुगेको हो । समीक्षा अवधिमा सरकारले ऋण सेवामा दुई खर्ब ९२ अर्ब ५२ करोड रूपैयाँ खचिएको छ । जुन कुल गार्हस्थ्य उत्पादनको ४.४३ प्रतिशतबराबर हो ।

# दुई महिनाभित्र पूर्वाधारसम्बन्धी मुद्दा फैसलाको व्यवस्था गर्न सुझाव

काठमाडौं । पूर्वाधार निर्माण तथा विकास आयोजनासम्बन्धी अदालतमा पर्ने मुद्दामा दुई महिनाभित्र फैसला गर्ने गरी कानुनी र संस्थागत व्यवस्था गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले बनाएको अध्ययन समितिले सुझाव दिएको छ । २५ चैतमा मन्त्रालयका सचिव पाराश्वर ढुंगानाको संयोजकत्वमा बनाएको अध्ययन समितिको प्रतिवेदनले यस्तो सुझाव दिएको हो । मन्त्रालयले सोमबार उक्त प्रतिवेदन सार्वजनिक गरेको छ ।

खरिद प्रक्रिया, मुआब्जा, जग्गा अधिग्रहण र संरक्षित क्षेत्रलगायतका विषयमा अदालतमा पर्ने मुद्दा र त्यसको निरूपणमा हुने ढिलाइले सडक, सिँचाइ, विद्युत्, प्रसारणलाइनजस्ता परियोजनाको निर्माणकार्य अत्यन्त प्रभावित भएको उक्त प्रतिवेदनले नै देखाएको छ । त्यो समस्या समाधान गर्न मुद्दाको निरूपण प्रक्रियालाई द्रुत गतिमा अघि बढाउनुपर्ने सुझावसहित प्रतिवेदन समितिले बुझाएको छ ।

'जग्गा प्राप्ति, घर तथा लिगलगापात मूल्यांकन तथा मुआब्जा निर्धारणजस्ता मुद्दा-मामिलाका सम्बन्धमा सुरू अदालतले डेडिकेटेड फास्ट ट्रयाक तोकी मुद्दा परेको मितिले बढीमा दुई महिनाभित्र र पुनरावेदन तहमा सो मुद्दा साधकसरह स्वतः पेस हुने व्यवस्था गरी सुरू अदालतले फैसला गरेको मितिले बढीमा दुई महिनाभित्र अन्तिम किनारा लगाउने व्यवस्था गर्नुपर्ने देखिन्छ,' प्रतिवेदनमा भनिएको छ ।

यस्ता मुद्दामा अन्तरिम वा अल्पकालीन अन्तरिम आदेश जारी भएको दुई महिनाभित्रै अन्तिम आदेश आउने व्यवस्था गर्नुपर्ने समितिको सुझाव छ । अहिले अन्तरिम आदेश आएपछि मुद्दाको अन्तिम किनारा लाग्न वर्षौं लाग्ने गरेको छ । त्यसले परियोजनाको निर्माण नमज्जाले प्रभावित भएको छ । त्यो समस्या समाधान गर्न दुई महिनामै अन्तिम आदेश आउने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

'अन्तरिम आदेश जारी भएपछि मुद्दा अन्तिम किनारा लाग्न लामो समय लाग्ने अवस्थाको अन्त्य गर्न अन्तरिम आदेश वा अल्पकालीन अन्तरिम आदेश जारी भएको मुद्दामा त्यस्तो अन्तरिम आदेश जारी भएको दुई महिनाभित्रै अन्तिम आदेश दिने व्यवस्था गर्ने,' प्रतिवेदनमा भनिएको छ ।

यस्तै, अन्तरिम आदेश जारी भएको मुद्दामा निरन्तर अनुगमन र सुपरिवेक्षण गर्ने र अन्तरिम आदेशबाट अर्को पक्षलाई भएको क्षतिको क्षतिपूर्ति व्यहोर्ने व्यवस्था गर्नुपर्ने पनि समितिको सुझाव छ । अध्ययन समितिका सदस्य तथा पूर्वाधार विकास मन्त्रालयका सहसचिव सुशीलबाबु ढकालले अदालतमा पर्ने मुद्दाबाट पूर्वाधार विकासमा पर्ने असरलाई न्यूनीकरण गर्ने गरी अध्ययन गरिएको बताए । 'अदालतमा पर्ने उजुरी तथा मुद्दाबाट सार्वजनिक निर्माण प्रभावित भएको देखियो । त्यसको असर भने प्रत्यक्ष जनतालाई परेको छ । त्यही विषयलाई नै केन्द्रमा राखेर अध्ययन गरेका छौं,' उनले भने, 'अहिले न्याय खोज्दा प्राथमिक विकल्प छोडेर सिधै अदालत जाने र अदालतले पनि त्यसलाई मान्यता दिने गरेको पाइन्छ । अदालतले सही नियतले निर्णय गरे पनि त्यसको असर नकारात्मक देखियो । समग्रमा मुद्दाबाट पूर्वाधार निर्माणमा परेको असरलाई न्यूनीकरण गर्न सकिने सुझावसहित प्रतिवेदन तयार गरेका छौं । यसको कार्यान्वयन भयो भने यस क्षेत्रमा भएका समस्या समाधान हुने आशा छ ।'

समितिले यस्ता मुद्दामा ढिलासुस्ती बनाउने अभ्यास रोकी समयमै मुद्दा फर्स्योट हुने व्यवस्था गर्न पनि सुझाव दिएको छ । यस्ता मुद्दामा हुने ढिलासुस्तीबाट आयोजनाको समय र लागत अत्यधिक बढ्न गई कार्यान्वयनमा समेत अवरोध उत्पन्न हुने गरेको छ । त्यसले गर्दा आयोजनालाई समयमै सम्पन्न हुने गरी मुद्दाहरू छिटो-छरितो रूपमा निरूपण गर्न सर्वोच्च, उच्च तथा जिल्ला अदालत नियमावलीहरू संशोधन गर्नुपर्नेसमेत समितिको सुझाव छ । यस्ता मुद्दामा वास्तविक सरोकारवाला निकायलाई मात्रै विपक्षी बनाउन समितिले सुझाव दिएको छ । धेरै सरोकारवालालाई विपक्षी बनाउँदा मुद्दा लम्बिने समितिको निष्कर्ष छ । तसर्थ, वास्तविक सरोकारवालालाई मात्रै विपक्षी बनाउने व्यवस्था गर्नुपर्ने समितिको सुझाव छ । यस्तै, यस्ता मुद्दामा एउटा पक्षको तर्फबाट दुई घण्टाभन्दा बढी समय बहस गर्न नपाउने व्यवस्था गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । यसैगरी, कानुन व्यवसायी वा पक्षले पेसी स्थगित गर्न नपाउने व्यवस्था गर्न पनि सुझाव दिइएको छ ।

फैसलाको पूर्णपाठ समयमा नै तयार गर्ने व्यवस्था गर्नुपर्ने सुझाव पनि समितिले दिएको छ । 'सर्वोच्च अदालतबाट फैसला भएपछि फैसलाको पूर्णपाठ आउन लामो समय लाग्ने गरेको अवस्था छ । फैसलाको पूर्णपाठ बढीमा २१ कार्यदिनभित्र आउने व्यवस्था गर्ने,' प्रतिवेदनमा भनिएको छ, 'सर्वोच्च अदालतको हकमा प्रधानन्यायाधीश र उच्च अदालतको हकमा सर्वोच्च अदालतका न्यायाधीश तथा मुख्य न्यायाधीशले फैसलाको पूर्णपाठ समयमा तयार गरे-नगरेको निरन्तर अध्ययन र अनुगमन गर्ने व्यवस्था गर्ने ।'

खेलकुद

# आइसिसी वरीयतामा भुर्तेलको १७ स्थान सुधार



अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बुधबार सबै फर्म्याटका वरीयता सार्वजनिक गरेको छ । नेपालका ओपनर ब्याट्सम्यान कुशल भुर्तेलले एकदिवसीय ब्याटिङ वरीयतामा एकैपटक १७ स्थान सुधार गर्दै शीर्ष सयभित्र आफूलाई समावेश गरेका छन् । गत साता पनि आइसिसी एकदिवसीय वरीयतामा आसिफ शेख र दीपेन्द्रसिंह ऐरी शीर्ष सयभित्र अटेका थिए ।

त्रिवि क्रिकेट मैदानमा चलिरहेको आइसिसी विश्वकप लिग २ मा कुशलले अमेरिकाविरूद्धको खेलमा शतकीय इनिङ्स खेलेका थिए । यही शतकको मद्दतमा कुशलले वरीयतामा सुधार गरेका हुन् । उनले गत वैशाखमा ओमान र युएईसँगको विश्वकप लिग २ सिरिजमा दुई खेल खेल्न पाएनन् । त्यसपछि प्रशिक्षक स्टुवार्ट लले उनलाई स्कटल्यान्ड र अमेरिकाविरूद्धको पहिलो खेलमा राखेनन् ।

तर, कुशलले दोस्रो खेलमा मौका पाउँदा शतक नै बनाए । कुशलले ३८२ रेटिङ अंक जोडेका छन् । एकदिवसीय ब्याटिङमा आसिफ शेखले सात स्थान सुधार गरेका छन् । उनी अहिले ८७औँ स्थानमा छन् । उनले ४२० रेटिङ अंक पाएका छन् । यस फर्म्याटमा नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरी ९९औँ स्थानमै रहे ।

नेपालका स्पिनर ललित राजवंशीले एकदिवसीय बलिङमा १६ स्थान सुधार गरेका छन् । ललित अहिले ५४औँ स्थानमा छन् । उनले ४७१ रेटिङ अंक बटुलेका छन् । चालू विश्वकप लिग २ मा उनले अमेरिका र स्कटल्यान्डविरूद्ध उत्कृष्ट बलिङ प्रदर्शन गरिरहेका छन् । यसैगरी, एकदिवसीय इतिहासमा सबैभन्दा कम खेलमा १५० विकेटको विश्वकीर्तिमान राखेका नेपालका सन्दीप लामिछानेले ६ स्थान सुधार गरेका छन् ।

अस्ट्रेलियाका तीव्र गतिका बलर स्टार्कले ७७ खेल र सन्दीपले ७३ खेलमा १५० विकेट लिएका छन् । आइसिसी एकदिवसीय बलिङ वरीयतामा सन्दीप ३७ स्थानमा पुगेका छन् । उनीभन्दा एक स्थानमुनि दक्षिण अफ्रिकाका कागिसो राबाडा छन् । यसैगरी पाकिस्तानका फास्ट बलर नसिम साह ४३औँ स्थानमा छन् । स्कटल्यान्डसँगको विकेट लिँदै सन्दीपले ७३ खेलमा १५० विकेट संख्या पूरा गरेका थिए । उनले अस्ट्रेलियन मिचेल स्टार्कको नाममा रहेको रेकर्ड तोडेका हुन् । दीपेन्द्रसिंह बलिङ वरीयतामा ७९औँ स्थानमा पुगेका छन् । उनले तीन स्थान सुधार गरेका हुन् । करण केसी भने आठ स्थान ओरालो लागेका छन् । उनी अहिले ९६औँ स्थानमा छन् ।

एकदिवसीय अलराउन्डरमा दीपेन्द्र २५औँ स्थानमा छन् । उनले तीन स्थान सुधार गरेका हुन् । टी-२० अलराउन्डरमा उनी चौथो स्थानमै छन् । एकदिवसीय अलराउन्डरमा सन्दीपले पनि तीन स्थान सुधार गरी ६८औँ स्थानमाथि कब्जा जमाए । यस विधामा ललितले १२ स्थान सुधार गरेका छन् । उनी अहिले ७४औँ स्थानमा रहे । यसैगरी गुल्सन झाले पनि एकदिवसीय अलराउन्डरमा फड्को मारेका छन् । उनले एकैपटक १५ स्थान सुधार गरे । उनी अहिले ८७औँ स्थानमा रहे । नेपालका करणले यस विधामा पाँच स्थान गुमाए ।

# आइसिसी विश्वकप लिग २मा शीर्ष स्थानमा फर्कियो अमेरिका

आइसिसी विश्वकप लिग २ अन्तर्गत स्कटल्यान्डलाई ६ विकेटले हराउँदै अमेरिका फेरि शीर्ष स्थानमा उक्लिएको छ । यसअघि त्रिवि क्रिकेट मैदानमा अमेरिकालाई नै हराउँदै स्कटल्यान्ड शीर्ष स्थानमा पुगेको थियो । नेपालसँग स्कटल्यान्ड पराजित हुँदा अमेरिकालाई स्थान सुधार गर्ने अवसर मिल्यो ।

पहिले ब्याटिङ गरेको स्कटल्यान्डले ४३.३ ओभरमा सबै विकेट गुमाउँदै १६९ रन बनाएको थियो । अमेरिकाका रसिस उगारकारले सर्वाधिक चार तथा रौरभ नेत्राभल्करले तीन विकेट लिएपछि स्कटल्यान्डले ठुलो योगफल बनाउन सकेन । अमेरिकाले २७.१ ओभरमा चार विकेट गुमाउँदै जित निकाल्यो । जितपछि अमेरिकाको २७ खेलबाट ३८ अंक रहेको छ । स्कटल्यान्डको भने ३२ खेलबाट समान अंक रह्यो । रनरेटमा अमेरिका शीर्ष स्थानमा रहेको हो । ३१ अंकसहित ओमान तेस्रो स्थानमा छ । घरेलु टोली नेपाल २७ खेलमा २२ अंकसहित पाँचौँ स्थानमा छ । अमेरिकाको जितमा ओपनर स्मिथ पटेल र साहन जाहागिरले समान सर्वाधिक ३७ रन बनाएका थिए ।

कप्तान साइतेजा मुक्कमल्लाले ३५ बलमा ३५ रनको योगदान गरे । सेहान जयसुरियाले १९ रन जोडे । मिलिन्द कुमार २४ तथा सुभम रन्जने ११ रनमा अविजित रहे । अमेरिकाले त्रिकोणात्मक सिरिजको शुक्रबार अन्तिम खेल नेपालसँग खेल्दै छ । स्कटल्यान्डले अघिल्लो भेटमा अमेरिकालाई डकवर्थ लुइसमा २ रनले पराजित गरेको थियो । पहिलो इनिङ्समा स्कटल्यान्डका लागि मार्क वाटले ओडिआई करिअरकै दोस्रो अर्धशतक बनाए । ६६ रन बनाउन वाटले ८५ बलमा चार चौका र तीन छक्का प्रहार गरेका थिए । वाटसँग छैटौँ विकेटका लागि म्याथ्यु क्रसले सर्वाधिक ४२ रनको साझेदारी गरेका थिए । क्रसले ५४ बलमा २० रन जोडे । वाटले एनपिएलमा कर्णाली याक्सबाट खेलेका थिए ।

कर्पोरेट

## ● नबिल बैंकको एनबैंक एपमार्फत सरल रूपमा एसआइपी सेवा लिन सकिने

नबिल बैंक लिमिटेडले आफ्नो बैंकिङ एप 'एनबैंक'मा लगानीसम्बन्धी सेवा विस्तार गरेको छ । लगानी सेवालाई अझ सहज, सुरक्षित र डिजिटल माध्यमबाट पहुँचयोग्य बनाउने उद्देश्यले उक्त सेवा सुरू गरिएको बैंकले जनाएको छ । नबिल बैंक र नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडबिच भएको समझदारीसँगै यो सुविधा सुरू भएको हो । समझदारीपत्रमा नबिल बैंकका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईं र नबिल इन्भेस्टमेन्टका सिइओ मनीषनारायण जोशीले हस्ताक्षर गरेका हुन् ।

एउटै प्लाटफर्मबाट सबै वित्तीय सुविधा उपलब्ध गराउने उद्देश्यले एनबैंकमार्फत उक्त सेवा सुरू गरिएको बैंकले जनाएको छ । बैंकका अनुसार एकीकृत लगानी सेवा सुरू भएसँगै नबिल बैंकका ग्राहकले अब 'सिस्टम्याटिक इन्भेस्टमेन्ट प्लान' (एसआइपी)मा दर्ता हुन र किस्ता भुक्तानी गर्ने काम मोबाइबाटै गर्न सक्नेछन् । प्रयोगकर्ताले एनबैंकको होमपेजमा गई 'इन्भेस्टमेन्ट, एसआइपी, टिएमएस' आइकनमा क्लिक गरी एसआइपीमा दर्ता हुन र भुक्तानी गर्न सक्नेछन् । यस सुविधा प्रयोग गर्दा अतिरिक्त शुल्क नलाग्ने बैंकले जनाएको छ ।

'ग्राहकलाई लगानी गर्नका लागि सरल, पहुँचयोग्य र पूर्ण रूपमा डिजिटल सेवा प्रदान गर्नु नै बैंकको उद्देश्य हो,' बैंकका नायब प्रमुख बजगाईंले भने, 'एनबैंकमा यो सुविधा थपिएसँगै ग्राहकलाई लगानीतर्फ आकर्षित गर्ने विश्वास लिएका छौं ।'

उक्त सेवामार्फत विदेशमा रहेका नेपालीले पनि नेपालको वित्तीय बजारमा सहज रूपमा सहभागी हुन र आर्थिक रूपमा जोडिन पाउने बैंकको भनाइ छ । विस्तारित सुविधासँगै एनबैंकले आफ्ना डिजिटल सेवालाई निरन्तर सुधार गर्दै सेवाग्राहीलाई एकिकृत प्लाटफर्ममार्फत वित्तीय सेवा थप विस्तार गर्दै लैजाने बैंकले जनाएको छ ।

## ● मुक्तिनाथ बैंकका सिइओ मानन्धरद्वारा पदभार ग्रहण

मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तारा मानन्धरले पदभार ग्रहण गरेका छन्। सिइओमा नियुक्त मानन्धरले शुक्रबार पदभार ग्रहण गरेका हुन् । बैंकिङ तथा व्यवस्थापन क्षेत्रमा अब्बल मानन्धरले विभिन्न वाणिज्य बैंकहरूको उच्च कार्यकारी भूमिका रही कार्य गरेको अनुभव र पछिल्लो समय डिस मिडिया नेटवर्कमा प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्य गरिरहेका थिए। उनको नेतृत्वले संस्थागत तथा रणनीतिक विकास, सुशासन तथा दिगो बैंकिङ अभ्यासलाई थप प्रभावकारी बनाउने विश्वास बैंकले लिएको जनाएको छ । नवनियुक्त प्रमुख कार्यकारी अधिकृत मानन्धरले बैंकको दीर्घकालीन लक्ष्य, उच्चस्तरीय ग्राहक सेवा, कर्मचारीहरूको उच्च मनोबल तथा सरोकारवालाहरूले राखेको विश्वासलाई अझ सुदृढ बनाउँदै बैंकलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे ।

## ● एनएमबिका ग्राहकलाई मेदान्त अस्पतालमा छुट

एनएमबि बैंकका ग्राहकले अब भारतस्थित मेदान्त अस्पतालमा विशेष छुट पाउने भएका छन् । बैंकले आफ्ना भिसा डेबिट तथा क्रेडिट कार्डवाहक ग्राहकका लागि सो अस्पतालका सेवामा विशेष छुटको व्यवस्था गरेको जनाइएको छ ।

यससँगै ग्राहकले ओपिडी परामर्श, ल्याब तथा रेडियोलोजी सेवा र प्रिभेन्टिभ हेल्थ प्याकेजमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्ने सक्नेछन् । साथै, आइपिडी सेवाअन्तर्गत रूम रेन्ट तथा विभिन्न जाँच सेवामा १० प्रतिशत छुट पनि उपलब्ध हुने बताइएको छ । ग्राहकको स्वास्थ्य र सुविधालाई प्राथमिकतामा राख्दै एनएमबि बैंकले बैंकिङ सेवाभन्दा बाहिर पनि ग्राहकलाई थप सुविधा प्रदान गर्ने उद्देश्यले यस्तो सहकार्य अघि बढाएको जनाएको छ । बैंकले देशभरका एक सय ९८ शाखा, एक सय ७६ एटिएमका साथै नौवटा एक्सटेन्सन काउन्टरमार्फत वित्तीय सेवा प्रदान गर्दै आइरहेको छ ।

## ● एसइई उत्तीर्ण विद्यार्थीलाई एनसेलको छात्रवृत्ति

एनसेल फाउन्डेसनले यो वर्ष पनि माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण विद्यार्थीका लागि 'एनसेल एसइई छात्रवृत्ति' प्रदान गर्ने घोषणा गरेको छ । प्रोजेक्ट शिक्षासँगको सहकार्यअन्तर्गत यो कार्यक्रमले नेपालभरका प्रतिभाशाली विद्यार्थीलाई अवसरको नयाँ ढोका खुला गर्ने बताइएको छ ।

फाउन्डेसनले यस वर्ष एक सयजना विद्यार्थीलाई कक्षा ११ र १२ अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्नेछ । छात्रवृत्ति सातै प्रदेशमा सञ्चालन गरिने बताइएको छ । यो पहलले देशका हरेक कुनाका विद्यार्थीलाई समान अवसर सुनिश्चित गर्नुका साथै उच्च शिक्षा हासिल गर्न आर्थिक सहयोग आवश्यक पर्ने विद्यार्थीलाई विशेष प्राथमिकता दिने फाउन्डेसनले जनाएको छ । साथै, विद्यार्थीले एनसेलबाट १२ महिनासम्म लिमिटेड डेटा र भ्वाइस सेवासहितको सञ्चार सुविधा पनि निःशुल्क प्राप्त गर्नेछन् । यसले उनीहरूलाई अध्ययन, अवसर र आफ्ना आकांक्षासँग निरन्तर जोडिन सहयोग पुर्‍याउने जनाइएको छ । गत वर्ष पनि यस कार्यक्रमअन्तर्गत एनसेल फाउन्डेसनले देशभरका ५० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको थियो ।

ती विद्यार्थी अहिले विभिन्न शैक्षिक संस्थामा कक्षा १२ मा अध्ययन गर्दै छन् । यस्तै, हन्ड्रेड ग्रुपद्वारा सञ्चालित छात्रवृत्ति कार्यक्रम प्रोजेक्ट शिक्षाले पनि थप ५० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्नेछ । यो कार्यक्रम सन् २०१७ देखि सञ्चालनमा छ ।

## ● नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टबाट निकाल्न कुनै कसर बाँकी राखिने छैनः अर्थमन्त्री

अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टबाट बाहिर निकाल्न सबै उपाय अवलम्बन गरिने बताएका छन्। अर्थ मन्त्रालयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा मंगलबार भएको एसिया प्यासिफिक ग्रुप अफ मनी लाउन्डरिङ (एपिजी) को इन्टरनेसनल कोअपरेसन रिभ्यू ग्रुप (आइसिआरजी) को कार्ययोजनासम्बन्धी छलफलमा उनले यस्तो बताएका हुन्। एपिजीका प्रतिनिधिसँगको छलफलमा अर्थमन्त्री डा. वाग्लेले सम्पूर्ण सामर्थ्य लगाएर नेपाललाई 'ग्रे लिस्ट'बाट बाहिर निकाल्ने प्रतिबद्धता व्यक्त गरे।

प्रधानमन्त्रीको नेतृत्वमा नेपाल सरकार मुलुकमा सुशासन स्थापना गरेर विकासमा फड्को मार्न लागिपरेको उल्लेख गर्दै अर्थमन्त्री डा. वाग्लेले जनताको जनमतको एक प्रमुख सन्देश पनि यही भएको बताए। 'अहिलेको ग्रे लिस्टको अवस्था पछिल्लो ३० वर्षको कुशासनले प्रतिफल हो,' उनले भने। नेपाललाई सम्पत्ति शुद्धीकरणको ग्रे लिस्टबाट बाहिर निकाल्न तत्काल र नियमित गरिनुपर्ने पहलबारे सरकारी निकायहरूले नियमित काम गरिरहेको र यसको मूल्यांकन पनि भइरहेको उनले उल्लेख गरे। ग्रे लिस्ट सूचक सम्बन्धमा नेपालको अवस्थामा पछिल्लो समीक्षा अवधि र अहिले धेरै फरक रहेको उनको भनाइ छ।

कार्यक्रममा बोल्दै एपिजी उपकार्यकारी सचिव डेभिड स्यान्ननले नेपाल ग्रे लिस्टबाट बाहिरिन पर्याप्त कार्य गर्न अझै बाँकी रहेको बताए। मंगलबारको छलफलमा अर्थ मन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैंकलगायतका निकायका अधिकारीहरूको सहभागिता रहेको थियो। एफएटिएफले २०८१ फागुन ९ मा नेपाललाई २ वर्षका लागि ग्रे लिस्टमा राखेको थियो। नेपालले उक्त सूचीबाट बाहिर निस्कन १५ बुँदे आइसिआरजी कार्ययोजनामा प्रतिबद्धता व्यक्त गरेको छ।

## ● एक्स्ट्रिमको 'स्क्यानमा सुन' अभियान सार्वजनिक

एक्स्ट्रिम इनर्जी ड्रिंक्सले आगामी विश्वकप फुटबल प्रतियोगिता २०२६ को माहोललाई थप रोमाञ्चक बनाउन 'स्क्यानमा सुन' उपहार योजना सार्वजनिक गरेको छ । यस अभियानमा एक्स्ट्रिम इनर्जी ड्रिंक्सको क्यानमा रहेको क्युआर कोड स्क्यान गरी आफ्नो विवरण भरेपछि ग्राहक गोलाप्रथामा सहभागी हुन सक्नेछन् ।

सहभागीमध्ये तीनजना भाग्यशाली विजेतालाई सुनको बल पुरस्कार प्रदान गरिने कम्पनीले जनाएको छ । योजना १ जेठदेखि विश्वकप फुटबल प्रतियोगिता २०२६ को खेल अवधिभर सञ्चालन गरिने कम्पनीले जनाएको छ । विश्वकप फुटबलको विश्वव्यापी उत्साहलाई नेपाली बजारसँग जोड्दै ग्राहकलाई थप उत्साहित र सहभागी बनाउने उद्देश्यले यो योजना ल्याइएको कम्पनीले जनाएको छ ।

'स्क्यानमा सुन' अभियानले फुटबलप्रेमीमा मनोरञ्जन, सहभागिता र पुरस्कारको उत्साह एकैसाथ प्रदान गर्ने विश्वास लिइएको छ । विगतदेखि युवालक्षित विभिन्न अभियान सञ्चालन गर्दै आएको एक्स्ट्रिम इनर्जीको अभियानले पनि बजारमा थप उत्साह सिर्जना गर्ने अपेक्षा गरिएको छ ।

## ● थाङपाल भ्याली माविमा सिन्धु विकास बैंकको वित्तीय साक्षरता

सिन्धु विकास बैंकले थाङपाल भ्याली माध्यमिक विद्यालयमा वित्तीय साक्षरता तथा शैक्षिक एवं खेलकुद सामग्री वितरण कार्यक्रम गरेको छ । बैंकको मेलम्ची शाखाले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत विद्यालयमा वित्तीय साक्षरता तथा शैक्षिक एवं खेलकुद सामग्री वितरण कार्यक्रम गरेको हो । विद्यालयमा आयोजित कार्यक्रममा एक सयभन्दा बढी विद्यार्थीको सहभागिता थियो । कार्यक्रममा विद्यार्थीलाई बचतको महत्त्व, डिजिटल बैंकिङ, वित्तीय अनुशासन तथा बैंकिङ सेवासम्बन्धी जानकारी प्रदान गरिएको थियो । बैंकले विद्यालयलाई आवश्यक शैक्षिक सामग्रीसँगै खेलकुद सामग्री पनि हस्तान्तरण गरेको जनाएको छ । कार्यक्रममा बैंकका कार्यवाहक प्रमुख कार्यकारी अधिकृत गणेशकुमार केसी, सहायक प्रमुख कार्यकारी अधिकृत प्रमोद न्यौपाने, मार्केटिङ विभागका भुवन निरौला तथा मेलम्ची शाखा प्रमुख सीताराम दुलालको उपस्थिति रहेको थियो ।

## ● सहकारी क्षेत्रमा दलीय प्रभावबारे विभागको गम्भीर ध्यानाकर्षण

राष्ट्रिय सहकारी बैंकलगायत विभिन्न सहकारी संघसंस्थाहरूको सञ्चालक समितिको निर्वाचनमा राजनीतिक दलहरूको दलीय आस्थाका आधारमा प्यानल खडा गरी प्रतिस्पर्धा गर्ने गरिएको भन्ने विषय विभिन्न सञ्चारमाध्यममा प्रकाशित भएपछि सहकारी विभागले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

विभागले जारी गरेको सूचनामा सहकारीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तविपरीत हुने यस्ता गतिविधिले सहकारी ऐन, २०७४ को प्रस्तावना तथा कानुनी व्यवस्थामाथि प्रतिकुल असर पार्ने उल्लेख गरिएको छ। त्यस्तै, दलीय आधारमा हुने प्रतिस्पर्धाले सहकारीका सदस्यहरूबिच अस्वस्थ प्रतिस्पर्धा बढाउने तथा सहकारी क्षेत्रमा सुशासन कायम गर्न नकारात्मक प्रभाव पार्ने विभागको भनाइ छ। विभागले यस्ता गतिविधिलाई निरूत्साहित गर्न आग्रह गर्दै सहकारीको मर्म र सिद्धान्तअनुसार सञ्चालन हुने वातावरण निर्माण गर्न तथा सहकारी क्षेत्रमा सुशासन कायम गर्न सम्बन्धित सबै पक्षलाई सहयोग गर्न अनुरोध गरेको छ।

## ● सानिमा जिआइसीको लाभांश पारित

सानिमा जिआइसी इन्स्योरेन्स लिमिटेडको आठौं वार्षिक साधारणसभाबाट लाभांशबापतको बोनस सेयर पारित भएको छ । बुधबार बसेको कम्पनीको साधारणसभाले सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पुँजी दुई अर्ब १५ करोड रूपैयाँबराबरको पाँच प्रतिशत अर्थात् १० करोड ७५ लाख रूपैयाँबराबरको बोनस सेयर सर्वसम्मत पारित गरेको हो ।

सभामा कम्पनीका अध्यक्ष कुनाल कयालले गत आर्थिक वर्षको वार्षिक तथा वित्तीय प्रतिवेदन प्रस्तुत गरेका थिए । कम्पनीको सातौं साधारणसभाबाट पारित भएको चुक्ता पुँजीको १७ प्रतिशत हकप्रद सेयरबमोजिम हुन आउने ३६ लाख ५५ हजार कित्ता समावेश गरी बोनस सेयर जारी गरेपश्चात् हुने चुक्ता पुँजीमा पुनरावलोकन गर्न सक्ने अधिकार पनि सञ्चालक समितिलाई दिइएको छ ।

## ● मुक्तिनाथ विकास बैंकद्वारा दुई संस्थालाई ह्विलचेयर हस्तान्तरण

मुक्तिनाथ विकास बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न संस्थाहरूलाई सहयोगस्वरूप ह्विलचेयर प्रदान गरेको छ। बैंकले कैलालीको धनगढी–१ स्थित सेती प्रादेशिक अस्पताल र काठमाडौंको गोकर्णेश्वरस्थित युवा अपांग संगठन नेपाललाई १०-१० थान ह्विलचेयर हस्तान्तरण गरेको हो। सेती प्रादेशिक अस्पतालमा आउने इमर्जेन्सी बिरामी, ज्येष्ठ नागरिक तथा हिँडडुलमा कठिनाइ भएका सेवाग्राहीहरूलाई मध्यनजर गर्दै ह्विलचेयर सहयोग गरेको बैंकले जनाएको छ।

यसैगरी, युवा अपांग संगठनलाई गरेको सहयोगले फरक क्षमता भएका व्यक्तिहरूलाई सहयोग पुर्‍याउनुका साथै उनीहरूको सम्मानपूर्ण, सहज तथा समावेशी जीवनयापनमा सकारात्मक योगदान पुग्ने बैंकको अपेक्षा छ। यस प्रकारका कार्यक्रममार्फत बैंकले विशेष गरी दिगो स्वास्थ्य र सुस्वास्थ्य तथा असमानता न्यूनीकरणसम्बन्धी दिगो विकास लक्ष्यहरूलाई सहयोग पुर्‍याउने विश्वास गरेको छ।

## ● सांग्रिला डेभलपमेन्टको क्विज कार्यक्रम

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको तेस्रो सांग्रिला क्विज-२०८३ सम्पन्न भएको छ । क्विजको फाइनल चरण अर्थात् 'कन्ट्री राउन्ड'मा सहभागी १० टोलीमध्ये दाङ सबक्लस्टरका पीताम्बर बाँस्तोला र बालिका पाण्डे विजेता भएका छन् ।

त्यस्तै, इटहरी क्लस्टरका विष्णुबहादुर खड्का र विपुल नेपाल उपविजेता भएको बैंकले जनाएको छ । प्रतियोगिताका विजेताले जनही ६० हजार तथा उपविजेताले जनही ४० रूपैयाँ नगद पुरस्कार प्राप्त गरेका हुन् । 'कन्ट्री राउन्ड'मा 'क्लस्टर राउन्ड'बाट छनोट भएका १० वटा क्लस्टर तथा सबक्लस्टरका दुई-दुईजना गरी २० जनाले प्रतिस्पर्धा गरेका थिए ।

कार्यक्रममा यस बैंकमा दीर्घसेवा गरेका तथा विभिन्न तालिममा प्रशिक्षकको भूमिका निर्वाह गरेका कर्मचारीलाई सम्मान गरिएको थियो । सांग्रिला क्विजका विजेता, उपविजेता, प्रतिस्पर्धीलगायतलाई बैंकका नायब प्रमुख कार्यकारी अधिकृत उमेशसिंह भण्डारी, प्रमुख सञ्चालन अधिकृत अपूर्वप्रसाद जोशी, प्रमुख कर्जा अधिकृत रञ्जित मास्के र रिकभरी तथा एनपिएल व्यवस्थापन इकाइ प्रमुख जयन्द्रबहादुर खड्काले पुरस्कार तथा मायाको चिनो प्रदान गरे ।

## ● माइडियाको १९८ लिटरको हार्ड टप सिंगल डोर चेस्ट फ्रिज बजारमा

माइडियाले एक सय ९८ लिटरको हार्ड टप सिंगल डोर चेस्ट फ्रिज बजारमा ल्याएको छ । कम्पनीले आधुनिक परिवार तथा व्यावसायिक प्रयोगलाई लक्षित गर्दै एमडिआरसी ३६२ एफजेडजी४३डी मोडेलको चेस्ट फ्रिज ल्याएको हो । यसले शक्तिशाली फ्रिजिङ, ऊर्जा बचत तथा स्मार्ट सुविधाको उत्कृष्ट संयोजन प्रदान गर्ने बताइएको छ । कम्पनीका अनुसार यस मोडेलमा डिप फ्रिजिङ टेक्नोलोजीले तापक्रमलाई ३० डिग्री सेल्सियससम्म पुर्‍याउन सक्षम बनाउँछ, जसले खाद्यसामग्रीको स्वाद, ताजापन र पोषण सुरक्षित राख्न मद्दत गर्छ । साथै, खानेकुराई छिटो चिसो बनाई लामो समयसम्म ताजा राख्ने काम पनि यसले गर्ने कम्पनीले बताएको छ ।

यसमा रहेको इन्भर्टर क्वाट्रो टेक्नोलोजीले कम बिजुली खपत, तीव्र कुलिङ र शान्त सञ्चालन सुनिश्चित गर्ने बताइएको छ । केवल ३७ डेसिबल ध्वनिस्तर भएकाले माइडियाको यो फ्रिज घर तथा व्यावसायिक दुवै प्रयोगका लागि उपयुक्त रहेको कम्पनीको भनाइ छ । माइडियाको फोर साइड कुलिङ टेक्नोलोजी र डी प्लस कुलिङ सिस्टमले सम्पूर्ण भित्री भागमा समान रूपमा चिसोपन फैलाएर स्थिर तापक्रम कायम राख्ने जनाइएको छ । यसमा रहेको कनभर्टिबल सुविधामार्फत आवश्यकताअनुसार फ्रिजर वा फ्रिज मोडमा सजिलै परिवर्तन गर्न सकिन्छ ।

## ● बजाज चेतक इभीको एक्सपेरियन्स जोन

बजाज चेतक इभीले पोखराको नयाँबजारमा चेतक एक्सपेरियन्स जोन सञ्चालनमा ल्याएको छ । बजाजको आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले सोरूम सञ्चालनमा ल्याएको हो । ३१ वैशाखदेखि सञ्चालनमा आएको उक्त सोरूम राजधानीबाहिरका ग्राहकसम्म प्रिमियम विद्युतीय दुईपांग्रे सवारीको अनुभव पुर्‍याउने महत्वपूर्ण कदमका रूपमा हेरिएको बताइएको छ ।

आधुनिक इभी प्रयोगकर्ताको बदलिँदो जीवनशैलीलाई मध्यनजर गर्दै निर्माण गरिएको पोखरा एक्सपेरियन्स जोनमा प्रविधि, सहजता तथा ग्राहककेन्द्रित सेवालाई समेटिएको कम्पनीले जनाएको छ । उक्त केन्द्रमा सवारी प्रदर्शन, टेस्ट राइड, खरिद परामर्शदेखि चेतक इभीका लागि विशेष सेवा-सुविधासमेत उपलब्ध छ । सोरूममा आउने ग्राहकले डिजिटल प्रोडक्ट डिस्प्लेमार्फत सवारीका विशेषताबारे जानकारी लिन सक्नेछन् भने प्रशिक्षित इभी विज्ञमार्फत इभी, चार्जिङ समाधान तथा स्मार्टफिचरसम्बन्धी परामर्श पनि लिन सक्नेछन् ।

## आन्तरिक...

काँग्रेसले समानुपातिकतर्फ पनि करिब १२ लाख मत पहिलाको भन्दा कम पाएको थियो ।

समानुपातिकतर्फ उसले २० सिट हाँसिल गरेको थियो । त्यसैगरी विघटित संसदको पहिलो ठूलो दल काँग्रेस अहिले संकटपूर्ण अवस्थामा रहेको छ भने उ विभाजित भएको खण्डमा काँग्रेसको अस्तित्व नै संकटमा पर्नसक्ने सम्भावना देखिएको छ । नेकपा एमाले पनि निर्वाचनमा नराम्रोसँग पराजित भएको र संसदमा समेत न्यूनसंख्यामा मात्र उपस्थिति जनाउन सकेको हनाले पनि रास्वपाले काँग्रेस, एमाले लगायतका पार्टीहरूलाई उपेक्षा गर्दै अघि बढेको हुनाले फेरी द्वन्द्वमा फस्न सक्ने वा रास्वपाको पेलान र बालेन सरकारको दम्भमै मुलुक फस्न सक्ने सम्भावना बढेर गएको छ ।

## प्रेस काउन्सिल...

अनुसार स्नातक तह उत्तीर्ण गरी पत्रकारिता, मानविकी, व्यवस्थापन, सूचना प्रविधि वा प्रसारणसम्बन्धी इन्जिनियरिङ क्षेत्रमा कम्तीमा १५ वर्षको अनुभव भएको व्यक्ति संस्थाको अध्यक्ष बन्न योग्य हुन्छन् । यो संस्थाले नेपाल टेलिभिजन र रेडियो नेपाललाई समेट्छ र सार्वजनिक सेवा प्रसारणको नीतिगत तथा कार्यकारी नेतृत्व गर्ने जिम्मेवारी यो पदमा रहन्छ ।

गोरखापत्र संस्थानको महाप्रबन्धक पदका लागि पिन दरखास्त आह्वान भएको छ । गोरखापत्र संस्थान ऐन तथा सम्बन्धित कार्यविधि बमोजिम प्रकाशन-सञ्चार क्षेत्रमा व्यवस्थापकीय अनुभव भएको, तोकिएको शैक्षिक योग्यता र उमेर सीमा (सामान्यतः ३० वर्ष पूरा भएको तर ६५ वर्ष ननाघेको) पुगेका व्यक्ति योग्य हुन्छन् । यो पद संस्थानको दैनिक प्रशासनिक सञ्चालन, समग्र व्यवस्थापन र नीति कार्यान्वयनको नेतृत्व गर्ने महत्वपूर्ण भूमिका हो ।

मन्त्रालयले सबै पदका लागि प्रतिस्पर्धात्मक छनोट प्रक्रिया अपनाउने जनाएको छ । इच्छुक उम्मेदवारले दरखास्त फाराम, आवश्यक योग्यता मापदण्ड, संलग्न गर्नुपर्ने कागजात र विस्तृत सूचना सूचना तथा सञ्चार मन्त्रालयको आधिकारिक वेबसाइटमा उपलब्ध छन् । यी नियुक्तिहरु स्वतन्त्र, निष्पक्ष र व्यावसायिक बनाउन योग्य तथा क्षमतावान् व्यक्तिको छनोट हुने अपेक्षा गरिएको छ ।

## बालेनसामू...

उनीहरूलाई जनताले मतदान गरे त्यसको एउटै कारण थियो साहको निर्वाचन चिन्ह घण्टी हो भनेर ।

निर्वाचन अघि नै रास्वपाले साहलाई भावी प्रधानमन्त्रीका रूपमा अघि सारेर साहलाई निर्वाचनको प्रचार प्रसारमा मुलुकभरमा घुमाएको थिए । साह प्रधानमन्त्री भएको दुईमहिना पुग्न लागेको छ । संसदबाटै प्रधानमन्त्री बनेका साहले आजसम्म संसदलाई सम्वोधन समेत गरेका छैनन् भने जनतालाई आफूलाई प्रधानमन्त्री बन्ने बाटो खोलिदिएकोमा धन्यवाद समेत दिएका छैनन् । प्रियतावादको राजनीतिक कोषबाट जन्मिएको बालेन जसरी आवेग र प्रतिशोधबाट प्रेरित भएर मौन अनि रहस्यमय शैलीमा अघि बढिरहेका छन् । त्यसले गम्भीर प्रश्न उठाएको छ । बालेनको यो शक्तिपरस्त महत्वकांक्षालाई कसले नियन्त्रण गर्ने ? ति पछिल्लो समयमा साहको अगाडि रास्वपा र रास्वपाका सभापति रवि लामिछाने पनि नतमस्तक भएका छन् । रास्वपा नेतृत्वले बालेनलाई नियन्त्रणमा राख्न सकेका छैनन् ।

प्रधानमन्त्री साहले लोकतान्त्रिक पद्दति र लोकतान्त्रिक चरित्र देखाउन नसक्ने र मै राज्य हुँ भन्ने घमण्ड चढेर भएपनि रास्वपा समेत बालेनको अगाडि नतमस्तक रहेको छ । प्रियतावादलाई लामो समयसम्म टिकाउन सक्दैन । केही समयको लागि जनतालाई झुक्याउन सकिने अवस्था भएपनि बालेन प्रधानमन्त्री बनेको दुई महिना नपुग्दै उनको विरूद्धमा नारा लाग्न थालेका छन् भने जनता सडकमा समेत आउन थालेका हुनाले अब पनि बालेनका अगाडि रास्वपा नतमस्तक रहिरहेमा त्यो रास्वपाकै लागि घातक हुनसक्छ । सावधान रास्वपा ।

## भारतको...

टिममा स्वयंसेवीका रूपमा कार्यरत थिए । एक्समा ४० हजार र इन्स्टाग्राममा ४ लाख २० हजारभन्दा बढी फलोअर जोडिसकेका छन् ।

सीजेपीले आफ्नो पार्टीमा १ लाख सदस्य बनिसकेको दाबी गरेको छ । यति मात्र होइन, महुआ मोइत्रा र कीर्ति आजादजस्ता तृणमूल कांग्रेसका सांसदले पनि ठट्यौली शैलीमा पार्टीमा आबद्ध हुने बताएका थिए । सीजेपीले आफूलाई वर्तमान व्यवस्थाबाट निराश मानिसहरूको आवाजु भएको दाबी गरेको छ ।

त्यसो त पार्टीको नामलाई लिएर पनि विभिन्न टीकाटिप्पणी भइरहेका छन् । कतिपयले भारतीय प्रधानन्यायाधीश सूर्यकान्तको कथित अभिव्यक्तिमा आधारित रहेको पनि बताएका छन् । सूर्यकान्तले युवालक्षित यस्तै अभिव्यक्ति दिएका थिए ।

## प्रधामनत्री बालेनको...

आजसम्म सम्वोधन गरेका छैनन् । आफूलाई प्रधानमन्त्री बनाउने जनता र जनताको प्रतिनिधित्व गर्ने संसदलाई धन्यवाद समेत दिएका छैनन् । वैशाख २८ गते प्रधानमन्त्री साहले देखाएको व्यवहारको आलोचना भइरहेको छ । त्यसदिन उनले आफ्ना नीति तथा कार्यक्रम राष्ट्रपतिलाई वाचन गर्न दिएका थिए ।

राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम वाचन गर्दागर्दै प्रधानमन्त्री साह भने संसदबाट बाहिरिए । सरकारको नीति तथा कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ प्रधानमन्त्रीले दिने परम्परा रहि आएकोमा उनले उत्तर दिन सकेन । इन्कार गरेर आफ्नो नीति तथा कार्यक्रमलाई अस्वीकार गरेको हो कि भन्ने प्रश्न समेत उठेको छ ।

बलियो सरकारले विधि बसाल्ने हो भने सांसदको मर्यादा उकास्ने हो । लोकतन्त्र भनेको सामूहिकताको अवधारणा हो । राष्ट्रपति व्यवस्थापिका तथा न्यायपालिकाको मर्यादा र गरिमालाई कमजोर तुल्याएर प्रधानमन्त्री मात्रै सम्मानित भएर बसिरहनु सम्भव हुँदैन । रास्वपाले यस विषयलाई प्रष्ट पार्नु पर्दछ । रास्वपा नेतृत्वको बालेन सरकारको काम गराइले त्यसको जस अपजसको भारी रास्वपाले नै बोक्नुपर्ने हुन्छ । त्यही कारण सरकारलाई ठीक बाटोमा हिँडाउने काम रास्वपाकै हो । यदि त्यसो हुँदैन भने रास्वपाले सरकारको जिम्मेवारी लिन सकिँदैन ।

## संसद नजाने...


कार्यपालिकाको कामको न्यायिक परिक्षण गर्ने काम अदालतकै हो । विश्वमा यही परम्परा चलिआएको छ । अदालत आफैं खोजेर जाँदैन कसैले रिट मार्फत उजूरी दिएमा वा अदालतमा रिटमार्फत रिट दर्ता गराएमा सरकारले गरेका निर्णयहरु कानून सम्मत् संविधान र कानून हेरेर अदालतले निर्णय दिने हो ।

अन्तरिम आदेश जारी गर्दा एउटा पक्षको मात्र कुरा सुनेर अदालतले निर्णय गर्दैन, अर्को सुनुवाईमा इजलासलाई कारण बुझाउन सकेको खण्डमा अन्तरिम आदेश खारेज हुनसक्छ । त्यसैले सरकारको विपक्षमा अदालत लाग्यो भनेर आरोप लगाउनु सकेको देखिँदैन । बालेन सरकारका कतिपय निर्णयहरूले गर्दा सरकार अधिनावयकवादतर्फ उन्मूख हुन खोजेको जस्तो देखिन्छ । संसदलाई छलेर अध्यादेश ल्याइएको छ । आफैँले आह्वान गरिसकेको संसदको अधिवेशन एकाएक स्थगित गरेर ८/८ वटा अध्यादेश ल्याइनुपर्ने कुनै कारण नै थिएन ।

संसदलाई विश्वासमा लिएर र संसदमा उपस्थित भएका राजनीतिक दलहरूसँग छलफल र परामर्श गरेर सरकार सञ्चालन तत्काल कनै कार्य गर्नु पर्ने भएमा फास्ट ट्र्याकबाट विधेयक पारित गर्न सकिने सहज बाटो हुँदा-हुँदै बहुमतको दम्भ देखाएर एक्लै अघि बढ्न खोज्नु भनेको जनताको प्रतिनिधिहरूलाई समेत विश्वास गर्न नसक्नु नै हो । त्यसैले गर्दा सरकार नै संकटमा पर्न सक्छ । संसदमा उपस्थित भएर संसदले उठाएका प्रश्नहरूको जवाफ दिने काम प्रधानमन्त्री कै हो । तर, आफैँले बनाएको सरकारको नीति र कार्यक्रमका बारेमा उठेको प्रश्नहरूको जवाफसम्म दिन नसक्ने प्रधानमन्त्री नत संसदले खोजेको हो नत जनताले नै ।

# भारतमा चिया निर्यात सहज

झापा । भारतको टी बोर्डले नेपाली चियामाथि लगाएको अवरोध हटाएको छ । मंगलबार एक सूचना जारी गर्दै भारतको टी बोर्डले नेपाली चियामाथि लाग्दै आएको अवरोध हटाएको जानकारी दिएको हो । यसअघि भारतले १ मेदेखि नेपालबाट निर्यात हुने चियामा ल्याब परीक्षणको नाममा अवरोध गर्दै आएको थियो । जसका कारण नेपाली चिया उद्योगीले निर्यात गर्दा झन्झट भोग्नुपरेको थियो । भारतको टी बोर्डले १ मेदेखि लागू हुने गरी नेपाली चिया बोकेको प्रत्येक गाडीको नमुना परीक्षण गर्ने जनाएको थियो । भारतले चिया बोर्ड निर्देशिका देखाउँदै नेपाली चियालाई अवरोध खडा गरेको थियो ।



प्रशिक्षणको रिपोर्ट आउन कम्तीमा १५ दिन लाग्ने गरेको थियो । जसका कारण पछिल्लो १९ दिनमा गएको दुई गाडी पनि नेपाली चिया भारतीय गोदाममा थन्किएका छन् । जुन चियाको ल्याब परीक्षणको रिपोर्ट हालसम्म नआएको नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्यराज पराजुलीले बताए ।

तर, १९ मेमा जारी भएको सूचनाले नेपाली चियालाई राहत भएको उनको भनाइ छ । 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर' (एसओपी)लाई संशोधन गर्दै नेपाली चियामाथिको कडाइ खुकुलो बनाएको हो ।

मे १ यता प्रत्येक गाडीको परीक्षण गर्ने भनिएता पनि अब एसओपी संशोधन गरेपछि 'र्‍यान्डम' नमुना संकलन गरेर परीक्षण गर्ने गरी नयाँ नियम ल्याएको पराजुलीले बताए । 'अब एउटा कम्पनीको २० गाडीबराबर एउटाको परीक्षण हुन्छ,' उनले भने, 'जसले तीन महिना काम गर्छ । तीन महिना परीक्षण गर्नुपर्दैन ।'

एसओपी संशोधनमा नेपाली चियालाई भारतको घरेलु खपतका रूपमा लिइएको छ । जसले गर्दा निर्यातमा सहजता ल्याएको हो । अब नेपाली चियाले दीर्घकालीन समाधान खोजेको चिया उत्पादनक संघका अध्यक्ष पराजुलीले बताए ।

विगतमा पनि भारतले वेला-वेलामा नेपाली चियामाथि अवरोध खडा गर्दै आउने गरेको थियो । नेपाली चियाको मुख्य बजार भारत हो । नेपालमा उत्पादन हुने सिटिसी र अर्थोडक्स चियाले बर्सेनि करिब पाँच अर्बको विदेशी मुग भित्र्याउँदै आएको छ । नेपालबाट निर्यात हुने चियामध्ये करिब ९५ प्रतिशत चिया पूर्वीनाका काँकडभिट्टाबाट निर्यात हुँदै आएको छ ।

# 'इभीको मोटर क्षमता परीक्षणका लागि मापदण्ड आवश्यक'

काठमाडौं । विद्युतीय सवारीसाधन (इभी) को मोटर क्षमता परीक्षण तथा प्रमाणीकरणका लागि स्पष्ट राष्ट्रिय प्राविधिक मापदण्ड बनाउन अटोमोबाइल व्यवसायीले माग गरेका छन् । उनीहरूले प्राविधिक मापदण्ड र संस्थागत परीक्षण प्रणाली आवश्यक भएको औँल्याएका हुन् ।

नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले शनिबार एक विज्ञप्ति जारी गर्दै मापदण्ड र परीक्षणसम्बन्धी एकीकृत कार्यविधि आवश्यक पर्ने औँल्याएको हो । नाइमाले यसअघि अर्थमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्रीलाई समेत इभी मोटर क्षमता परीक्षण, प्रमाणीकरण तथा प्राविधिक मूल्यांकनसम्बन्धी विषयमा स्पष्ट, व्यावहारिक र एकरूप व्यवस्था आवश्यक रहेको धारणासमेत राख्दै आएको छ ।

यसै सन्दर्भमा नाइमाले इभी मोटर क्षमताबारे पछिल्लो समय भइरहेका टिप्पणी, चर्चाप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको छ । नाइमाका अनुसार नेपालमा आयात भइरहेका इभी अन्तर्राष्ट्रिय मान्यताप्राप्त उत्पादक कम्पनीले जारी गरेका आधिकारिक प्राविधिक विवरण, परीक्षण प्रतिवेदन तथा प्रमाणीकरण प्रक्रियाका आधारमा आयात हुँदै आएका छन् ।

'विश्व ओटोमोबाइल उद्योगमा एउटै मोडेलका सवारीसाधन विभिन्न देश, नियामकीय संरचना तथा बजार आवश्यकताअनुसार फरक-फरक प्राविधिक स्पेसिफिकेसनमा उत्पादन हुनु सामान्य अन्तर्राष्ट्रिय अभ्यास हो,' विज्ञप्तिमा भनिएको छ, 'त्यसैले केवल वेबसाइटमा देखिएका विवरण, मोडेल नाम वा बाह्य जानकारीका आधारमा मोटर क्षमतासम्बन्धी निष्कर्ष निकालिनु प्राविधिक रूपमा विश्वसनीय आधार मान्न सकिँदैन ।'

यही अस्पष्टताले विभिन्न तहमा भ्रम, अन्योल तथा फरक-फरक व्याख्या उत्पन्न गरिरहेको नाइमाको ठहर छ । इभीको प्राविधिक मूल्यांकन आधिकारिक उत्पादक कम्पनीबाट जारी प्रमाणित विवरण, अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त परीक्षण निकायका प्रमाणपत्र तथा स्थापित प्राविधिक मापदण्डका आधारमा गरिनुपर्ने माग गरिएको छ । साथै, सम्बन्धित सरकारी निकायबिच एकरूप व्याख्या तथा कार्यान्वयन सुनिश्चित गर्न स्पष्ट प्राविधिक कार्यविधि, परीक्षण पूर्वाधार तथा प्रमाणीकरण प्रणाली तत्काल विकास गरिनु आवश्यक रहेको पनि नाइमाले जनाएको छ ।

विद्युतीय सवारी क्षेत्रसँग सम्बन्धित प्राविधिक तथा नीतिगत विषयलाई पर्याप्त अध्ययन, प्रमाणित तथ्य तथा स्थापित अन्तर्राष्ट्रिय अभ्यासका आधारमा नै विश्लेषण गरिनु आवश्यक रहेको नाइमाको धारणा छ ।

## बालेनका...

फरक तरिकाले काम गर्न चाहन्छ भन्ने स्पष्ट संकेत हो । तर यो एउटा सुविचारित र सुसंगत परराष्ट्र नीतिको अभिव्यक्ति हो वा पहिलो पटक सत्तामा पुगेको नेतृत्वको लहड वा सुरूवाती अपरिपक्वता–यो अझै स्पष्ट छैन ।

स्थापनाको चार वर्षमै रास्वपाले २१ फागुनको चुनावमा पाएको अभूतपूर्व जनादेश काठमाडौं र नयाँदिल्लीका लागि अनेपक्षित मात्र थिएन, यसले नेपालको परराष्ट्र सम्बन्धमा नयाँ युगको अपेक्षासमेत जगायो । आलोचकहरूले नेपालको परराष्ट्र सम्बन्धलाई 'आत्मसमर्पण कूटनीति' का रूपमा भन्दै आएका छन् र त्यसैअनुरूप परिभाषितसमेत हुँदै आएको छ ।

कांग्रेस, एमाले र माओवादीका प्रधानमन्त्रीहरु सत्तामा पुगेको केही घण्टामै विदेशी राजदूतहरूसँग भेट्ने गर्थे । र, कतिपय भेट त परराष्ट्रका अधिकारीको अनुपस्थितिमै हुने गरेका थिए । शक्तिशाली मुलुकका तल्लो तहका अधिकारीसमेत 'प्रोटोकल'को परवाह नगरी प्रधानमन्त्रीलाई सहजै भेट्न पाउँथे ।

## संसदमा...

पाएको बताए ।

मन्त्रीहरूले सम्बन्धित मन्त्रालयसँग सम्बन्धित प्रश्नको जवाफ दिनेगरी कार्यविभाजन गरिएको समेत बताए । संसद्मा उठेका सबै प्रश्नको जवाफ दिनेगरी सरकारले तयारी गरिरहेको उनको भनाइ छ ।

'मूलतः सरकारमाथि उठेका प्रश्नको जवाफ संसद्मा सरकारले दिने हो । त्यसको आधारमा सरकारले मन्त्रीहरूलाई कार्यविभाजन गरेर संसद्मा जवाफ दिने तालिका बनाइराखेको छ । केही मन्त्रीहरूको आजभोलिको तालिकामा परेको भन्ने पनि मैले जानकारी पाएको छु । प्रधानमन्त्रीज्यूको तालिका भनेर आउनेभन्दा पनि तयारीअनुसार आउँछ,' उनले भने । लामो समयदेखि प्रतिपक्षी दलहरूले संसद्मा प्रधानमन्त्री स्वयंले जवाफ दिनुपर्ने माग गर्दै आएका छन् ।

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

**त्यसैले,**

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानवाट टाढा राखौ,
- धूम्रपानको लतवाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको रक्षा गरौ,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं ।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार